# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक २३९ | काठमाडौं | सोमबार, १४ पुस २०८२ | Prabhab National Daily | Monday, 29 December 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


## एकताको प्रारम्भ कारागारमा, टुंगियो स्टुडियोमा

■ जेबी योञ्जन



काठमाडौं- राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने र काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र (बालेन) साहबीचको एकता प्रक्रिया थालनी भएको दुई महिनाअघि टुंगिएको छ । एकता प्रक्रियामा सुरुदेखि नै सामेल नेता असिम साहका अनुसार एकताको प्रारम्भिक गृहकार्य लामिछाने सहकारी ठगी अभियोगमा कैद सजाय काटिरहेका बेला नक्खु कारागारमै भएको थियो ।

यही ७ र १० पुसमा पटक-पटक बैठक भए पनि एकता प्रक्रियाले अन्तिम रूप भने सातबुँदे सहमतिमार्फत आइतबार बिहानमात्रै पाएको हो । यसअघि दलहरूबीच एकताको संवाद प्रायः दलका शीर्ष नेताका निवास वा व्यापारीका घरमा हुने गर्थे । तर, यसपटक रास्वपा-बालेन संवाद काठमाडौंको कमलपोखरीस्थित एक 'फिल्म स्टुडियो'मा टुंगियो ।

नेता साहको भनाइमा संवादलाई गोप्य राख्न छलफलको स्थान परिवर्तन गर्ने रणनीति बनाइएको थियो । सोहीअनुसार संवादका क्रममा दर्जनौं आन्तरिक बैठकहरू विभिन्न स्थानमा गरिएको थियो । उनले प्रभावसँग भने, 'मिडियामा सूचना चुहिन नदिन ठाउँ-ठाउँ सरेर मिटिङ गर्नुपर्‍यो ।' एकता प्रक्रियाका क्रममा संवादस्थल नक्खु कारागार, ज्वागल, लाजिम्पाट र कमलपोखरीसम्म फैलिएको थियो । लामिछाने कैदबाट छुटेपछि संवादलाई तीव्रता दिइएको र ज्वागलस्थित कुमार बेनको निवासमा लगातार दुई दिन बैठक भएको साह बताउँछन् ।

एकताका लागि रास्वपाबाट डा. स्वर्णिम वाग्ले र शिशिर खनालले भित्री समन्वयको भूमिका खेलेका थिए । बालेनपक्षबाट कुमार बेन र भूपदेव साह सक्रिय थिए । यी दुई पक्षबीच समन्वय गर्ने काम असिम र उनका दाइ आसिफले गरेका थिए । स्रोतका अनुसार प्रारम्भमै रविलाई पार्टी सभापति र बालेनलाई प्रधानमन्त्रीको उम्मेदवार बनाउने सहमति भएको थियो । तर, दलभित्रको पदीय आकांक्षा र आन्तरिक दबाबका कारण प्रक्रिया केही समय रोकिएको थियो ।


क्रमशः पृष्ठ २ मा


### रवि कि बालेन प्रभावी ?

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) रास्वपा सभापति रवि लामिछाने र काठमाडौं महानगरका प्रमुख बालेन्द्र (बालेन) साहबीच भएको सातबुँदे सहमतिका शब्दहरू केलाउँदै कसको हार जित भन्ने खुट्याउने काम भइरहेको छ ।

एकथरीले महानगरको एउटा प्रमुखले अघिल्लो प्रतिनिधिसभामै चौथो हैसियतमा रहेको दलबाट प्रधानमन्त्रीको उम्मेदवार बन्नेगरी समर्थन पाउनु र सोहीअनुसार समझदारी हुनु उनको जितको रूपमा अर्थ्याउने गरेका छन् । अर्कोथरीले चाहिँ सातबुँदे सहमतिमा रवि पूरापूर हाबी भएको टिप्पणी गरिरहेका छन् । उनीहरूका अनुसार पार्टी सभापति आफैं, दलको नाम रास्वपा नै, झण्डादेखि चुनाव चिह्नसम्मै रास्वपाकै हुने समझदारीले रविकै जित भयो । तटस्थ विचार मत प्रकट गर्नेहरूले भने दुवै जित-जितको स्थितिमा रहे । उनीहरूबीच भएको सम्झौताको पहिलो बुँदामा नवयुवा (जेन-जी)ले भ्रष्टाचार र कुशासनको विरुद्धमा गरेको आन्दोलनको अपनत्व लिने उल्लेख छ ।


क्रमशः पृष्ठ २ मा


निर्वाचन आचारसंहिता

## समेटिए एआईदेखि 'ग्रिन इलेक्सन'

### मनोनयनमा २५ जनामात्र सहभागी बन्न पाइने

- उम्मेदवारले बढीमा दुईवटा सवारीसाधन र सवारीसाधन नचल्ने ठाउँमा बढीमा चारवटा घोडा प्रयोग गर्न पाउने
- कुनै सूचना वा सामग्रीलाई एआईको प्रयोग गरी वा नगरी निर्वाचनमा प्रभाव पार्ने उद्देश्यले तोडमोड गरी गराई सामाजिक सञ्जालमा पोस्ट, रिपोस्ट, सेयर, कमेन्ट वा प्रतिकमेन्ट, लाइभ स्ट्रिमिङ, ट्याग वा मेन्सनलगायतका कार्य गर्न वा गराउन नहुने
- राष्ट्रिय सभा सदस्य निर्वाचनमा उम्मेदवारले तीन लाख ५० हजारसम्म खर्च गर्न पाउने

■ प्रभाव संवाददाता

**काठमाडौं**– आगामी फागुन २१ गतेका लागि तोकिएको प्रतिनिधि सभा निर्वाचनका लागि निर्वाचन आयोगले निर्वाचन आचारसंहिता २०८२ स्वीकृत गरेको छ । आयोगको शनिबार बसेको बैठकले आचारसंहिता स्वीकृत गरेको हो ।

आचारसंहितामा कृत्रिम बुद्धिमता (एआई) प्रयोगको विषयदेखि हरित निर्वाचन(ग्रिन इलेक्सन)सम्मको विषय समेटिएका छन् । निर्वाचनलाई कम खर्चिलो र मर्यादित बनाउन आयोगले प्रचारप्रसारका शैलीमा व्यापक फेरबदल गरेको जनायो । नयाँ आचारसंहिताअनुसार अब उम्मेदवारले सवारीसाधन प्रयोग घटाउनुपर्ने छ । 'उम्मेदवारले बढीमा दुईवटा दुईपांग्रे वा तीनपांग्रे वा चारपांग्रे विद्युतीय तथा यान्त्रिक शक्तिबाट चल्ने हल्का सवारीसाधन र त्यस्ता सवारीसाधन नचल्ने ठाउँमा बढीमा चारवटा घोडा प्रयोग गर्ने,' स्वीकृत आचारसंहितामा भनिएको छ ।



त्यसैगरी हेलिकप्टर प्रयोग गर्दा पनि मुख्य प्रचारकले मात्र प्रयोग गर्न पाउने उल्लेख गरिएको छ । 'आयोगले अनुमति दिएका मुख्य प्रचारकले मात्र हेलिकप्टर सेवा प्रयोग गर्न सक्ने,' भनिएको छ, 'राजनीतिक दलले हेलिकप्टर सेवा प्रयोग गर्दा राजनीतिक दलको लागि आयोगले निर्धारण गरेको समानुपातिक निर्वाचन प्रणली बमोजिम बन्द सूचीका उम्मेदवारको संख्याको आधारमा राजनीतिक दलले गर्न पाउने खर्चको सीमाभित्र रही गर्नुपर्ने ।'

#### मनोनयनमा जाँदा २५ जनामात्र

उम्मेदवारको मनोनयन दर्ता गर्न जाँदा वा घरदैलो गर्दा प्रस्तावक र समर्थकसहित बढीमा २५ जनामात्र सहभागी हुन पाउने छन् भने बाजागाजा र झाँकी प्रदर्शनमा पूर्ण रोक लगाइएको छ । 'मनोनयनमा जाँदा वा प्रचारमा घरदैलो गर्दा उम्मेदवार, प्रस्तावक, समर्थकसहित २५ जनाभन्दा बढी जुलुस लिएर जान नहुने, यसरी जाँदा बाजा, गाजा तथा झाँकीसहित जान नहुने,' भनिएको छ ।

यस्तै, प्रचारका क्रममा बालबालिकाको प्रयोग गर्न नपाइने र कसैको निजी घर वा सार्वजनिकस्थलमा दलको झण्डा वा चिह्न राख्न र टाँस्नसमेत प्रतिबन्ध लगाइएको छ । त्यसैगरी विद्यालय वा विश्वविद्यालयमा पनि प्रचार गर्न नपाइने आचारसंहितामा उल्लेख छ ।

यसपटक राजनीतिक दल वा उम्मेदवारको विर्नाचन चिह्न अंकित ज्याकेट, कमिज, भेस्ट, टिसर्ट, टोपी वा क्याप, गम्छा, मास्क, लकेट वा अन्य कुनै किसिमको पहिरन वा स्टिकर, लोगो, झोला, ब्याज, टयाटुजस्ता सांकेतिक सामग्री उत्पादन गर्न, बिक्री वितरण गर्न वा प्रदर्शन गर्नसमेत बन्देज गरिएको छ । त्यसैगरी बालबालिकालाई निर्वाचन प्रचारप्रसारमा प्रयोग गर्न नपाउने उल्लेख गरिएको छ ।


क्रमशः पृष्ठ २ मा


### समानुपातिकतर्फको बन्दसूची बुझाउने आज अन्तिम दिन

प्रतिनिधिसभा निर्वाचन २०८२ अन्तर्गत राजनीतिक दलहरूले समानुपातिक निर्वाचन प्रणालीतर्फको बन्द सूची आजसम्म पेस गरिसक्नुपर्ने छ । निर्वाचन आयोगले जारी गरेको कार्यतालिकाअनुसार आइतबार र आज सोमबार समानुपातिक निर्वाचन प्रणालीतर्फको बन्द सूची पेस गर्ने कार्यक्रम तोकिएकामा केही राजनीतिक दलले आइतबार नै सूची बुझाएका छन् ।

आयोगका प्रवक्ता भट्टराईका अनुसार आइतबार तीन दलका १३४ जनाले सबै प्रक्रिया पूरा गरेर बन्द सूची पेस गरिसकेका छन् । ती दलले निस्सा लिएर दर्ताको प्रक्रिया पूरा गरेका हुन् । उम्मेदवारको नाम मतदाता सूचीमा छ, छैन हेरेर आयोगले निस्सा दिएपछि बन्द सूची पेस गरिएको हो । यस आधारमा नेपाल मजदुर किसान पार्टी, जनप्रिय लोकतान्त्रिक पार्टी, श्रम संस्कृति पार्टीलगायतले बन्द सूची पेस गरेको हो ।

पुस १३ र १४ गतेसम्म पेस गरेका समानुपातिकतर्फको बन्द सूचीबारे पुस १५ देखि २० गतेसम्म छानबिन गरिने कार्यक्रम रहेको छ ।


क्रमशः पृष्ठ २ मा


सन्दर्भः वैदेशिक रोजगार

## श्रम स्वीकृति दिने निर्णयले इराकमा रहेका नेपाली हर्षित

यो निर्णयपछि इराकमा रहनुभएका नेपालीहरु यति खुसी हुनुभयो, वर्णन गर्ने शब्द छैन । सबैजना असाध्यै खुसी हुनुभएको छ । अब नेपाल आउन जानलाई सहज हुने भयो । भोलि समस्या आइपर्‍यो भने सरकारले सहयोग गर्ने भयो भनेर हर्षोल्लास छ ।

■ **विनोद श्रेष्ठ**
अध्यक्ष, गैरआवासीय नेपाली संघ इराक



■ प्रभाव संवाददाता

**काठमाडौं**– सरकारले इराकमा कार्यरत नेपालीहरूलाई श्रम स्वीकृति दिने भएपछि उनीहरूमा खुसियाली छाएको छ । सन् २०१८ देखि उठाउँदै आएको माग सात वर्षपछि सुनुवाइ हुँदा त्यहाँ रहेका नेपालीहरूले सरकारलाई धन्यवाद दिएका छन् ।

गत शुक्रबारको मन्त्रिपरिषद् बैठकले वैदेशिक रोजगारीको सिलसिलामा आधिकारिक भिसा प्राप्त गरेका नेपालीले यहाँ आएको बखत आवेदन दिएमा श्रम स्वीकृति दिने निर्णय गरेको थियो । उक्त निर्णयअनुसार श्रम स्वीकृति लिनका लागि 'रेसिडेन्सी कार्ड'को सक्कल र फोटोकपी आवश्यक पर्ने छ । 'वैदेशिक रोजगारीका सिलसिलामा इराक गई त्यहाँको आधिकारिक भिसा प्राप्त गरेका नेपाली नागरिकले नेपाल आएको बखत 'रेसिडेण्सी कार्ड'को सक्कल र फोटोकपीसहित आवेदन पेस गरेमा श्रम स्वीकृतिका लागि स्वीकृति प्रदान गर्ने,' निर्णयमा भनिएको छ ।

अवैधानिकरूपमा रहेका नेपालीहरूको अभिलेख राख्न र उनीहरूको स्वदेश फिर्ती सहज बनाउन उक्त निर्णय भएको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले जानकारी दिएको छ ।

इराकमा रहेका नेपालीहरूमा समस्या पर्दा अब सरकारले सहयोग गर्ने भयो भन्ने आशा जागेको गैरआवासीय नेपाली संघ इराकका अध्यक्ष विनोद श्रेष्ठले बताए । 'यो निर्णयपछि इराकमा रहनुभएका नेपालीहरू यति खुसी हुनुभयो, वर्णन गर्ने शब्द छैन । सबैजना असाध्यै खुसी हुनुभएको छ,' श्रेष्ठले भने, 'अब नेपाल आउन जानलाई सहज हुने भयो । भोलि समस्या आइपर्‍यो भने सरकारले सहयोग गर्ने भयो भनेर हर्षोल्लास छ ।'

२०६१ साल भदौ १५ गतेको घटनामा १२ जना नेपालीको हत्या भएपछि सुरक्षाको कारण देखाउँदै सरकारले इराक जान लगाएको प्रतिबन्ध हटेको छैन । त्यसअघि कामदारहरू म्यानपावर कम्पनीमार्फत जाँदै आएका थिए । सरकारको प्रतिबन्धपछि व्यक्ति विशेष तथा कम्पनीसँग सम्पर्क गरेर तेस्रो मुलुक हुँदै जाने गरेका छन् । हाल इराकमा २० हजारभन्दा बढी नेपाली रहेको अध्यक्ष श्रेष्ठको भनाइ छ । हाल पनि इराक पुग्ने क्रम जारी रहेको उनले बताए ।

'अवैध बाटोबाट गएकाले यकीन संख्या छैन । तर सन् २०१७-१८ तिर निकालिएको तथ्यांकमा २० हजारजति भएको आकलन गरिएको थियो,' श्रेष्ठले भने, 'तर त्यो बेलादेखि आजसम्म हरेक दिनजस्तो नेपालीहरू गइरहेकाले उक्त संख्या बढेको छ ।'


क्रमशः पृष्ठ २ मा


## 'मुलुक निर्वाचनका लागि अगाडि बढिसक्यो'

■ प्रभाव संवाददाता

**पोखरा**– सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले पछिल्लो समय सबै राजनीतिक दल निर्वाचनमा होमिएकाले मुलुकमा निर्वाचनको वातावरण बनेको बताएका छन् । राजनीतिक दल निर्वाचनका लागि तयार रहेको उल्लेख गर्दै उनले देशलाई स्थायित्व दिन समयमै निर्वाचन हुनु अपरिहार्य भएको बताए ।

'यतिबेला मुलुक परिवर्तनको मोडमा छ, मुलुकलाई नयाँ ऊर्जाका साथ समुन्नतिको दिशामा अगाडि बढाउनुपर्छ,




जेन-जीको भावनाअनुरूप मुलुक र समाज परिवर्तन गर्नु अहिलेको आवश्यकता हो,' नेपाल टेलिकम गण्डकी प्रदेश कार्यालयले आइतबार यहाँ आयोजना गरेको स्वागत कार्यक्रममा मन्त्री खरेलले भने । उनले दलका नेताको दासका रूपमा नभई विचारका आधारमा नेतृत्व छान्न पनि आग्रह गरे ।

'नयाँ राजनीतिक दलहरू मिल्दै छन्, पुराना दलहरू पनि अब गठबन्धन गर्न सक्छन्, यसले मुलुकमा निर्वाचनको वातावरण बनेको छ, म यहाँबाट चुनावका सन्दर्भमा द्विविधा नराख्न आग्रह गर्दछु, मुलुक चुनावका लागि अगाडि बढिसकेको छ,' उनले भने ।


क्रमशः पृष्ठ २ मा


## काठमाडौं प्रहरीको 'हाम्रो प्रहरी' अभियान

**काठमाडौं (प्रस)**– जिल्ला प्रहरी परिसर काठमाडौंले प्रहरी र समुदायबीचको सम्बन्धलाई सुदृढ बनाउन आइतबारदेखि 'हाम्रो प्रहरी' अभियान सुरु गरेको छ ।

बसन्तपुर दरबार क्षेत्रमा आइतबार आयोजित एक समारोहबीच उक्त अभियानको शुभारम्भ गरिएको हो । नेपाल प्रहरीका महानिरीक्षक दानबहादुर कार्कीले विशेष समारोहबीच अभियानको उद्घाटन गरे । महानिरीक्षक कार्कीले नेपाल प्रहरीप्रति नागरिकको विश्वास बढाउनु नै अभियानको मुख्य उद्देश्य रहेको स्पष्ट पारे । उनले रोजगारी, अध्ययन वा अन्य प्रयोजनका लागि विदेश जाने नेपाली युवालाई अब उप्रान्त नकारात्मक छविमा नचिनियोस् भन्ने चाहना व्यक्त गरे ।

'अब कसैले पनि नेपाली नागरिकलाई सिंहदरबार, प्रहरी कार्यालय जलाउने, सवारीसाधनमा आगजनी गर्ने नागरिकका रूपमा नबुझुन् भन्ने हाम्रो इच्छा हो । देशमा तोडफोड, आगजनी र अराजक गतिविधिको अन्त्य होस् भन्ने हाम्रो चाहना हो,' उनले भने ।

'हाम्रो प्रहरी, राम्रो प्रहरी' भन्ने नारासहित अघि बढाइएको अभियानले देशभित्र शान्ति सुरक्षा कायम गर्नुका साथै अन्तर्राष्ट्रियस्तरमा पनि नेपाली नागरिकको पहिचान सकारात्मक बनाउने महानिरीक्षक कार्कीले विश्वास व्यक्त गरे ।

## पृष्ठ १ बाट क्रमशः

## समेटिए...

### एआईदेखि 'ग्रिन इलेक्सन'का विषय

पछिल्लो दिन सामाजिक सञ्जालमा आर्टिफिसियल इन्टिलिजेन्स(एआई) प्रयोग गरी उम्मेदवार वा दलको विषयमा नकारात्मक प्रचार गर्ने शैली बढ्दो छ । यही विषयलाई ख्यालमा राख्दै आयोगले आचारसंहितामार्फत यो विषयमा सम्बोधन गर्ने प्रयास गरेको देखिन्छ । आचारसंहितामा यसबारे भनिएको छ, 'सामाजिक सञ्जालमा आर्टिफिसियल इन्टिलिजेन्स (एआई)को प्रयोग गरी वा नगरी निर्वाचनलाई प्रभाव पार्ने उद्देश्यले होच्याउने, दुष्प्रचार गर्ने, भ्रामक सूचना सम्प्रेषण गर्ने, अपमान गर्ने, द्वेषपूर्ण भाषण 'हेटस्पिच'जस्ता भ्रामक टीकाटिप्पणी गर्न वा गराउन नहुने ।'

यसैगरी यस्ता विषयमा तोडमोड गरी पोस्ट, रिपोस्ट नगर्नसमेत सचेत गराएको छ । 'कुनै प्रयोजनका लागि प्रकाशक वा प्रसारण भएको सूचना वा सामग्रीलाई आर्टिफिसियल इन्टिलिजेन्सको प्रयोग गरी वा नगरी निर्वाचनमा प्रभाव पार्ने उद्देश्यले तोडमोड गरी गराई सामाजिक सञ्जालमा पोस्ट, रिपोस्ट, सेयर, कमेन्ट वा प्रतिकमेन्ट, लाइभ स्ट्रिमिङ, ट्याग वा मेन्सनलगायतका कार्य गर्न वा गराउन नहुने,' आचारसंहितामा भनिएको छ ।

यसैगरी निर्वाचन प्रचारप्रसार गर्दा वातावरणमैत्री र प्रदूषण नियन्त्रणमा योगदान दिन डिजिटलमा जोड दिन भनिएको छ । यसका लागि निर्वाचन प्रचार डिजिटल सामग्री बनाउन, सभा, जुलुस, घरदैलो कार्यक्रम सकिएपछि उम्मेदवारले प्रचारमा प्रयोग गरेको सामग्री संकलन गरी व्यववस्थापन गर्नसमेत आग्रह गरेको छ । त्यसैगरी निर्वाचनको समयमा मतदानस्थल वा मतगणनास्थलको वरपर क्यामरा, भिडियो क्यामरा, ड्रोन, मोबाइल वा अन्य उपकरणबाट अनुमति नलिई तस्बिर लिन, भिडियो खिच्ने कार्य गर्न नहुने आचारसंहितामा उल्लेख छ ।

### कसलाई लागू हुन्छ आचारसंहिता ?

मतदान हुने दिनको अघिल्लो ४८ घण्टादेखि मतदानको दिन मतदान केन्द्र बन्द नहुञ्जेलसम्म कुनै पनि विधि, प्रक्रिया वा माध्यमबाट मत माग्न र चुनाव प्रचारप्रसार गर्न नपाइने व्यवस्था छ । चुनाव खर्चको पारदर्शितामासमेत जोड दिइएको छ । उम्मेदवारले उम्मेदवारी दर्ता गर्दा चुनावमा आफूले खर्च गर्ने अनुमानित रकम र त्यसको स्रोत खुलाउनुपर्ने व्यवस्था छ । २५ हजार रूपैयाँभन्दा बढी चन्दा बैंकमार्फत लिनसमेत आचारसंहितामा भनिएको छ ।

आचारसंहिता उल्लंघन गर्नेलाई एक लाख रूपैयाँसम्म जरिबाना गर्न वा उम्मेदवारी रद्द गर्न सक्ने अधिकार अयोगसँग छ । आचारसंहिता कहिलेदेखि लागू हुने भन्ने निर्णय भने आयोगले गर्न बाँकी छ ।

आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार आचारसंहिता नेपाल सरकार र नेपाल सरकारका मन्त्री, प्रदेश सरकार र प्रदेश सरकारका मन्त्री, संवैधानिक निकाय र पदाधिकारी, नेपाल सरकार वा प्रदेश सरकारका निकाय र ती निकायका पदाधिकारी, स्थानीय कार्यपालिका र सोका सदस्य, संघ, प्रदेश र स्थानीय तहका कर्मचारीलाई लागू हुने छ ।

यस्तै, सुरक्षा निकाय, सुरक्षाकर्मी तथा कर्मचारी, सरकारी, अर्धसरकारी तथा सार्वजनिक संस्थाको कार्यालय र कर्मचारी, राजनीतिक दल तथा राजनीतिक दलको भ्रातृ संगठन, उम्मेदवार तथा सम्बन्धित व्यक्ति, राजनीतिक दल तथा उम्मेदवारको मतदान प्रतिनिधि तथा मतगणना प्रतिनिधि, सार्वजनिक पद धारण गरेको व्यक्तिलाई पनि आयोगद्वारा जारी आचारसंहिता लागू हुने छ ।

### राष्ट्रिय सभा उम्मेदवारले बढीमा साढे तीन लाख खर्च गर्न पाउने

निर्वाचन आयोगले राष्ट्रिय सभासदस्य निर्वाचनमा उम्मेदवारले गर्न पाउने निर्वाचन खर्चको सीमा तोकेको छ । आइतबार आयोगले प्रेस विज्ञप्ति जारी गर्दै राष्ट्रिय सभा सदस्य निर्वाचनमा उम्मेदवारले गर्न पाउने निर्वाचन खर्चको सीमा तोकेको हो ।

आयोगका अनुसार राष्ट्रिय सभा सदस्य निर्वाचनमा उम्मेदवारले तीन लाख ५० हजार रूपैयाँसम्म खर्च गर्न पाउनेगरी सीमा तोकेको हो । 'आगामी माघ ११ गते सम्पन्न हुने राष्ट्रिय सभा सदस्य निर्वाचन, २०८२ का उम्मेदवारले निर्वाचन आयोग ऐन, २०७३ को दफा २४ को उपदफा (१), राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ६५ तथा राष्ट्रिय सभा सदस्य निर्वाचन नियमावली, २०७६ को नियम ४६ को उपदफा (१) बमोजिम रु. ३,५०,०००।- (तीन लाख पचास हजार) कायम गर्ने तथा उल्लिखित खर्च देहायका शीर्षकमा गर्न सकिने व्यहोरा सरोकारवाला सबैमा जानकारी गराइन्छ,' आयोगद्वारा जारी प्रेस विज्ञप्तिमा भनिएको छ ।

■■■

## समानुपातिकतर्फको...

त्यसपछि पुस २१ देखि २७ गतेसम्म दललाई मिलाउन लगाउने कार्यतालिका छ । पुस २८ देखि माघ ३ गतेसम्म दलले मिलाएको बन्द सूची ठीक छ वा छैन भनी हेरिने आयोगले जनाएको छ । माघ ४ गते बन्द सूची र माघ २० गते अन्तिम सूची प्रकाशन गर्ने कार्यतालिका रहेको छ ।

यसअघि १०० वटा राजनीतिक दलले ९३ चिह्नमार्फत समानुपातिक प्रणालीतर्फको निर्वाचनमा सहभागी हुन दल दर्ता गराएका छन् । यसरी दर्ता भएका राजनीतिक दलले मात्र आजसम्म बन्द सूचीतर्फका उम्मेदवारको सूची पेस गर्न पाउने छन् । यसपटक एक करोड ८९ लाख तीन हजार ६८९ मतदाता रहेका छन् । ती मतदाताले समानुपातिक र प्रत्यक्षको दुईवटा मतपत्रमा मतदान गर्न पाउँछन् ।

■■■

## एकताको...

एकताका लागि उपसभापति डा. वाग्लेको नेतृत्वमा उच्चस्तरीय संवाद समिति गठन भएपछि छलफलले तीव्रता पाएको थियो । त्यसपछि मात्रै यसले पार्टी एजेण्डाको मान्यता पाएको थियो । रवि जब कारागारबाट छुटे उनी आफैं एकताका लागि दौडमा निस्किए । अन्ततः आइतबार बिहानै एकता भयो । एकता वार्तापछि सार्वजनिक भएको तस्बिरमा १२ जना पुरुष सहभागी देखिए ।

एकताको समझदारीपत्रमा रवि सभापति र बालेन भावी प्रधानमन्त्री हुने उल्लेख छ । त्यसका लागि बालेन आगामी प्रतिनिधिसभा निर्वाचनमा सहभागी हुने तयारीमा छन् । बालेन पक्षका अनुसार उनी झापा-५ बाट उम्मेदवार बन्ने सोच बनाउँदै छन्, जुन एमाले अध्यक्ष केपी शर्मा ओलीको निर्वाचन क्षेत्र हो । ओलीलाई जसरी आगामी निर्वाचनमा पराजित गरेर प्रतिनिधिसभा रोक्न बालेन चाहन्छन् । त्यही भएर ओली उठेकै क्षेत्रमा उम्मेदवारी दिने बालेनको तयारी छ ।

२०४८ सालयता निर्वाचन लडेका ओली पहिलोपटक २०६४ मा तत्कालीन नेकपा माओवादीका उम्मेदवार विश्वदीप लिङ्देनसँग पराजित भएका थिए । बाँकी सबै निर्वाचन जितेका छन् । उनै ओलीलाई पराजित गर्दै बालेन आगामी प्रतिनिधिसभाबाट प्रधानमन्त्री हुनेगरी रविसँग सहमति गरेका हुन् ।

तर, रवि र बालेनको एकता चुनौतीरहित भने छैन । नेपालमा विगतमा बनेका ठूला राजनीतिक एकताहरू दीर्घकालीनरूपमा टिक्न नसकेको इतिहास स्मरण गर्दै राजनीतिक विश्लेषक डा. तानाराथ घिमिरे सावधानी अपनाउनुपर्ने बताउँछन् । २०६४ सालको माओवादी उभार र २०७४ सालको वाम एकताले दिएको परिणाम त्यसका उदाहरणका रूपमा उनी उल्लेख गर्छन् ।

हाल रवि र बालेनबीच वरीयता वा पद बाँडफाडको विवाद नरहेको बताइए पनि कानुनी चुनौती, व्यक्तित्व टकराव र लोकप्रियताको जोखिमलाई व्यवस्थापन गर्नुपर्ने चुनौती कायम रहेको घिमिरेको विश्लेषण छ । उनले एकता टिकाउबारे भने, 'सहकार्य दीर्घकालीन रूपमा टिक्ने वा नटिक्ने भन्ने प्रश्न भने उनीहरूको व्यवहार, समझदारी र कार्यान्वयन क्षमतामै निर्भर रहने छ ।'

■■■

## रवि कि...

उनीहरूले घाइते र सहिद परिवारको माग सम्बोधन गर्ने प्रतिबद्धता जनाएका छन् । दोस्रो बुँदामा समुन्नत र सामाजिक न्यायका लागि प्रतिबद्धता जनाउँदै नीतिगत, संस्थागत र संरचनागत सुधार गर्ने भनेका छन् । उनीहरूले नेपाललाई १० वर्षभित्र सम्मानजनक मध्यम आय भएको मुलुक बनाउने मार्गचित्रमा इमान्दार भएर समर्पित हुने अठोट लिएका छन् । राष्ट्रिय स्वतन्त्र पार्टीको नाम, चिह्न र झण्डा पुरानै हुने अर्को बुँदामा छ । पार्टी नेतृत्व रवि र भावी प्रधानमन्त्रीमा बालेनलाई सार्ने भनिएको छ । पार्टीको संगठनात्मक संरचनालाई थप सक्षम र फराकिलो बनाउन युवा अभियन्ता एवं अनुभवी विज्ञहरूलाई समुचित समायोजन गर्दै जिम्मेवारी तोक्दा योग्यता, समावेशिता र सार्वजनिक छविलाई आधार मान्ने अर्को सहमतिको बुँदा छ ।

यो सम्झौता तत्काल कार्यान्वयन गर्ने योजनाका साथ उनीहरूले निर्वाचन आयोगमा रहेको राष्ट्रिय स्वतन्त्र पार्टीको अभिलेख र दस्तावेज अद्यावधिक गर्ने घोषणा गरेका छन् । रास्वपाको सिद्धान्त, नेतृत्व र चिन्हमा गोलबद्ध हुन वैकल्पिक शक्ति पक्षधरहरूलाई उनीहरूले आह्वान पनि गरेका छन् । सम्झौतापत्रमा छ, 'लोकतान्त्रिक सुशासन, समुन्नति र सामाजिक न्यायका मुद्दा अघि बढाउन अन्य सुसंस्कृत एवं परिवर्तनकामी वैकल्पिक राजनीतिक शक्ति, समूह र व्यक्तिहरूलाई आह्वान गर्ने ।'

### एकताबारे मिश्रित प्रक्रिया

रास्वपा र बालेनबीचको एकतालाई कांग्रेसले अनौठो नमानेको जनाएको छ । उपसभापति धनराज गुरुङले विचार मिल्ने पक्षहरूबीचको एकता स्वाभाविक भएको बताए । उनले भने, 'अनौठो मान्नुपर्ने के छ र ? विचार र सिद्धान्त मिल्नेहरू एक भएकै राम्रो ।' नेकपा एमालेले भने कडा प्रतिक्रिया दिएको छ । महासचिव शंकर पोखरेलले रवि र बालेनले गरेको एकतालाई जेन-जी विद्रोहको नाममा विध्वंश गर्ने मतियार र सञ्चालकबीचको गठजोडको रूपमा टिप्पणी गरेका छन् । उनले एकतालाई दोस्रो चरणको विध्वंशको प्रारम्भिक चरण भन्दै गम्भीर स्थिति भएको बताए ।

सामाजिक सञ्जाल फेसबुकमा लेख्दै उनले भने, 'त्यही भएर लोकतान्त्रिक र देशभक्तहरू एकताबद्ध हुनुपर्ने बताए । 'यस्तो गम्भीर अवस्थामा संविधान र लोकतन्त्रका पक्षधर देशभक्त शक्तिहरू सचेत र एकजुट हुन आवश्यक छ ।'

नेपाली कम्युनिस्ट पार्टी र राप्रपाले विचार मिल्नेहरूबीचको एकताबारे टिप्पणी गर्न नपर्ने प्रतिक्रिया दिएका छन् । तर, श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङले लामिछाने र बालेनलाई गम्भीर आरोप लगाएका छन् । उनले सामाजिक सञ्जालमा भने, 'उनीहरूले सत्तामा पुग्ने र प्रतिशोध साँध्ने मात्रै राजनीति गरे ।' अन्य साना दलहरूले पनि रास्वपा र बालेनबीचको एकतालाई लिएर फरक-फरक धारणा अघि सारेका छन् ।

■■■

## श्रम स्वीकृति...

श्रेष्ठका अनुसार नेपालीहरू कुर्दिस्थान, बग्दादलगायतका क्षेत्रमा बढी रहेका छन् । त्यहाँ गएका महिलाहरू विशेषगरी घरेलु कामदारका रूपमा कार्यरत छन् भने पुरुषहरू सुरक्षा गार्ड, सरसफाइलगायतका काम गर्छन् ।

'महिलाहरू घरेलु काममा बढी जाने गर्छन् । उनीहरूको सम्पूर्ण लागत रोजगारदाताले नै व्यहोर्छ । दुई वर्षभन्दा बढी काम गरेपछि कम्पनीबाट निस्किएर फ्रिल्यान्सरको रूपमा घरमा, बार, रेस्टुरेन्टको सरसफाइलगायतका काम गर्छन्,' श्रेष्ठले भने, 'पुरुषहरू भने विभिन्न मुलुकका दूतावास तथा आर्मी क्याम्पमा सुरक्षा गार्ड, होटल तथा अपार्टमेन्टमा सरसफाइ, व्यवस्थापकलगायतका काम गर्छन् ।'

घरेलु कामदारले मासिक न्यूनतम तलब ३०० अमेरिकी डलर (४० हजार रूपैयाँ)देखि ६०० डलर (८० हजार रूपैयाँ) भन्दा माथि कमाउन सक्ने बताइन्छ । दुई वर्षभन्दा बढी काम गरेकाहरूले भने धेरै ठाउँमा काम गरेर १५ सय डलरभन्दा माथि कमाएको पाएको उनले बताए । मुस्लिम राष्ट्र भए पनि इराकमा महिलाहरूलाई नेपालकै जस्तो स्वतन्त्रता रहेको त्यहाँ कार्यरतहरूको भनाइ छ । उनीहरूले इराकमा पनि नेपाली दूतावास खोल्नुपर्ने माग गर्दै आएका छन् । जसका कारण राहदानी नवीकरण गर्न, यदि मृत्यु भए शव झिकाउन, सामाजिक सुरक्षा कोषमा आबद्धतादेखि विभिन्न क्षेत्रमा सहज हुने उनीहरूको भनाइ छ ।

### खुल्ला त इराक रोजगारी ?

हाल इराकमा भारत, चीन, पाकिस्तान, बंगलादेशलगायतका मुलुकबाट धेरै कामदार जाने गरेका छन् । यही डिसेम्बर १२ मा संयुक्त राष्ट्रसंघले पनि इराकमा आफ्नो राजनीतिक मिसन अन्त्य भएको घोषणा गरेको छ । धेरै नेपालीहरू लुकिछिपी जाने क्रम नरोकिएको सरकारी अधिकारीहरू नै स्वीकार गर्छन् । इराकमा शान्ति स्थापना भइसके पनि रोजगारी खुलाउन हालसम्म छलफल हुन नसकेको परराष्ट्र मन्त्रालयले जानकारी दिएको छ । हाल खुलाइएको श्रम स्वीकृतिका परिणामहरू र विभिन्न विषयलाई हेरेर मात्र उक्त निर्णय लिनुपर्ने भएकाले यसका लागि लामो समय लाग्नसक्ने मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले बताए ।

'नयाँ जान खोल्ने कुरामा अर्कै प्रक्रिया छ । त्यो विषयमा समय लाग्छ । अहिले गरेको निर्णयको प्रभावसहित अरु पनि कुराहरू हेर्नुपर्ने हुन्छ,' पौडेलले भने, 'हालको निर्णयलाई पनि यत्रो वर्ष लाग्यो । रोजगारी खोल्ने भन्ने त विषयमा झनै लामो समय लाग्नसक्छ ।'

■■■

## मुलुक...

उनले पोखरास्थित विभिन्न कार्यालयको निरीक्षण तथा भेटघाट गरे । बिहान पोखरामा आयोजित 'आमसञ्चारलाई व्यावसायिक बनाउन यस क्षेत्रमा विकसित अवधारणासम्बन्धी अन्तरक्रिया तथा छलफल' को उद्घाटनपश्चात् उनले नेपाल टेलिकमको प्रादेशिक कार्यालय र तालचोकस्थित एनसेल डेटा सेन्टरको निरीक्षण गरे ।

त्यस अवसरमा मन्त्री खरेलले नेपाल टेलिकमको सेवालाई समयसापेक्ष प्रभावकारी बनाउनुपर्ने बताउँदै विद्यमान समस्या समाधानाका लागि नीतिगत रूपमा गर्नुपर्ने विषयलाई अघि बढाउनेमा आफू तयार रहेको बताए । मन्त्री खरेलले आइतबार नै गण्डकी प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रमुख सचिव डण्डुराज शर्मासहित सुरक्षा निकायका प्रमुखसँग सुरक्षा व्यवस्थालगायत विषयमा जानकारी लिएका थिए ।

**Sunkoshi Rural Municipality**

# Office of the Rural Municipal Executive

**Mulkharkha, Okhaldhunga**

**Koshi Province, Nepal**

## Invitation For Bids

**Date of Notice Publication : 2082-09-14 B.S. (29th Dec. 2025 A.D.)**

Sunkoshi Rural Municipality, Mulkharkha , Okhaldhunga invites electronic bids from eligible Nepalese bidders for the following works.

| S.No. | Contract No. | Name of Contract | Estimated Amount (without VAT, Contingency & PS Items) | Bid security Amount | Bid Fee Amount | Remark |
|---|---|---|---|---|---|---|
| 1. | 11/NCB/RCWORKS/ SRM/082/83 | Okhaldhunga Jilla Sunkoshi Gaunpalika Wada No.-06 Para Sadak Starunnati Karya | 21,44,753.61 | 59,000 | 3,000 | |
| 2. | 12/NCB/RCWORKS/ SRM/ 082/83 | Chyarkhu Apswara Chaynam-Mulkharkha-Sunkoshi Phalate Bhanjyang Sadak, Okhaldhunga | 76,80,757.07 | 2,09,000 | 3,000 | |
| 3. | 13/NCB/GCWORKS/ SRM/082/83 | Sunkoshi Gaunpalika Khelmaidan Parkhal Nirman Yojana,Sunkoshi-5 | 42,81,718.67 | 1,17,000 | 3000 | |
| 4. | 14/NCB/RCWORKS/ SRM/082/83 | Jerung-Chiwridanda-Molungdovan Sadak Starunnati Sunkoshi-4 | 25,65,759.83 | 70,000 | 3,000 | |
| 5. | 15/NCB/BCWORKS/ SRM/082/83 | Samudayik Bhawan Nirman Sunkoshi-1 | 33,25,675.48 | 91,000 | 3,000 | |

| | |
|---|---|
| **Date & Time for Deadline for Bid Submission** | 2082/10/14 B.S. (2026/01/28 A.D.) till 12:00 Noon |
| **Date, Time & Place of Pre-Bid Meeting** | 2082/10/04 B.S. (2026/01/18 A.D.) 07:00 AM at Sunkoshi Rural Municipality, Mulkharkha , Okhaldhunga |
| **Date,Time & Place of Bid Opening** | 2082/10/14 B.S. (2026/01/28 A.D.) 14:00 hours at Sunkoshi Rural Municipality, Mulkharkha , Okhaldhunga |
| **For Bid Fee** | Name of the Bank : Machhapuchchhre Bank Limited |
| | Account Name : SUN GA. PA. AANTARIK RAJASWO GA - 1.1 |
| | Account No. : 0950073610000031 |
| | Rajaswa (Internal Revenue) Shirshak No. : 14229 |
| | Office Code No. : 801011008 |
| **For Bid Security** | Name of the Bank : Machhapuchchhre Bank Limited |
| | Account Name : SUNKOSHI GA. PA. DHARAUTI GA - 3 |
| | Account No. : 0950073610000045 |
| | Rajaswa (Internal Revenue) Shirshak No. : 14229 |
| | Office Code No. : 801011008 |

Eligible Bidders may obtain further information at office of Sunkoshi Rural Municipality, Mulkharka, Okhaldhunga, or may visit PPMO website: www.bolpatra.gov.np/egp

**Chief Administrative Officer**


**साउदीमा रोजगार** कम्पनी : COMPANAY WANER FOR TRADING

पूर्व स्वीकृति मिति : २०८२/०९/१३ LT. No. 336081 चलानी नं. ६०२४९७४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Operator Water Treatment Plant | 4 | 0 | 2200 | ८४,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस २१ गते (5th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ५१०/०६१/०६२

JBR Associates Pvt. Ltd.

Kalimatidol, Sinamangal, Ktm, Nepal, Phone No.: +977 1 4478614, 4478115, Mob No : 9801017866, 984126835, 9813775981, Pokhara: 9856027539, 985602884, E-mail : info@jbrassociate.com, Website: www.jbrassociate.com



**ओमनमा रोजगार** कम्पनी : GLOWING BUTTERFLIES S P C

पूर्व स्वीकृति मिति : २०८२/०९/११ LT. No. 336008 चलानी नं. ६०२४९६२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hair Stylist/hair Dresser | 0 | 1 | 170 | ६३,५३७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Manicurist/nail Technician | 0 | 1 | 170 | ६३,५३७ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस २१ गते (5th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No 1726/081/082

S.N.K. FACILITIES MANAGEMENT PVT. LTD.

Bafal-13, Kathmandu, Nepal, T: 01-5922923

Mob: 9860603888, 9851049837, Email:- snkhrc@gmail.com, Web: www.snkmanpower.com

# उपसभामुख रानाले दिइन् राजीनामा



**काठमाडौं (प्रस)**– पदावधि बाँकी रहँदै प्रतिनिधिसभाका उपसभामुख इन्दिरा रानाले पदबाट राजीनामा दिएकी छन् । सभामुख र उपभामुखको कार्यावधि आसन्न निर्वाचनमा प्रत्यक्षतर्फको उम्मेदवारी मनोनयन गर्ने अघिल्लो दिनसम्म कायम रहने अभ्यास रहेका पनि आइतबार उनले स्वेच्छाले राजीनामा दिएकी हुन् ।

निर्वाचन आयोगले आगामी फागुन २१ गतेका लागि निर्धारित प्रतिनिधिसभाको निर्वाचनका लागि समानुपातिकतर्फको बन्द सूची पेस गर्न आज सोमबार सम्मका लागि समय निर्धारण गरेको छ । विगतको अभ्याससमेतका आधारमा सभामुख र उपसभामुखको पदावधि प्रत्यक्षतर्फको उम्मेदवारी मनोनयन गर्ने अघिल्लो दिनसम्म कायम रहने संघीय संसद् सचिवालयले जानकारी दिएको छ ।

सभामुख देवराज घिमिरेले भने प्रत्यक्षतर्फको उम्मेदवारी मनोनयन गर्ने अघिल्लो दिन अर्थात् आगामी माघ ५ गतेदेखि बिदाइ हुने तयारी गरेको जनाइएको छ । संघीय संसद् सचिवालयका प्रवक्ता एकराम गिरीका अनुसार गत निर्वाचनका समयमा सभामुख रहेका अग्निप्रसाद सापकोटाले प्रत्यक्षतर्फको उम्मेदवारी मनोनयन गर्ने अघिल्लो दिन बिदाइ लिएका थिए । सोही अभ्यासअनुसार वर्तमान सभामुखले काम गर्नसक्ने उनले बताए ।

नेपालको संविधानको धारा ९१ मा प्रतिनिधिसभाको सभामुख र उपसभामुखसम्बन्धी व्यवस्थाको उपदफा ६ (क) मा प्रतिनिधिसभा विघटन भएको अवस्थामा आफ्नो पदमा बहाल रहेका प्रतिनिधिसभाका सभामुख र उपसभामुख प्रतिनिधिसभाका लागि हुने अर्को निर्वाचनको उम्मेदवारी दाखिल गर्ने अघिल्लो दिनसम्म आफ्नो पदमा बहाल रहने उल्लेख छ ।

# हदम्याद, तारेख र म्याद थप गर्न सर्वोच्चको अनुमति

**काठमाडौं (प्रस)**– सर्वोच्च अदालतले चालु मुद्दाको हदम्याद, तारेख र म्याद थप गर्न अनुमति दिने निर्णय गरेको छ । अदालतको निर्णयसँगै अब यही पुस मसान्तसम्म चालु मुद्दाको हदम्याद, तारेख र म्याद थाप्न सकिने छ ।

प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत, वरिष्ठतम् न्यायाधीश सपना प्रधान मल्ल, न्यायाधीशहरू कुमार रेग्मी, हरिप्रसाद फुयाल, डा. मनोजकुमार शर्मा, डा. नहकुल सुवेदी, तिलप्रसाद श्रेष्ठ, विनोद शर्मा, शारंगा सुवेदी, अब्दुल अजीज मुसलमान, महेश शर्मा पौडेल, टेकप्रसाद ढुंगाना, सुनिलकुमार पोखरेल, बालकृष्ण ढकाल, नृपध्वज निरौला, नित्यानन्द पाण्डेय, मेघराज पोखरेल, श्रीकान्त पौडेल र शान्तिसिंह थापासहित १९ जनाको बृहत् पूर्णइजलासले आइतबार सो अनुमति दिएको हो ।

सर्वोच्च अदालतका कर्मचारी बालाजीप्रसाद पाण्डेयलगायतले पेस गरेको प्रतिवेदनमाथि आइतबार प्रधानन्यायाधीशसहित सम्पूर्ण न्यायाधीशको इजलास नै गठन गरेर यसअघि एक महिना (मंसिर मसान्तसम्म) समय दिएको समय बढाएर ६० दिन अर्थात् पुस मसान्तसम्म गरिएको हो ।

सर्वोच्च अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइरालाका अनुसार मंसिर मसान्तसम्म मुद्दाको हदम्याद, तारेख र म्याद थाप्न सकिने निर्णय भएकामा अब पुस मसान्तसम्म म्याद थाम्न सकिने भएको छ । यसअघि, मंसिर १ देखि ३० गतेसम्म एक महिना हदम्याद, म्याद र तारेख थाम्न सकिने व्यवस्था गरिएको थियो । आदेशको लिखित आज सोमबार आउने छ ।

गत भदौ २४ गते अदालतमा आगजनी भएर नष्ट भएका मुद्दाको कागजात संकलन गर्ने समय थप गरी ६० दिन हुने छ । आगजनी र तोडफोडमा सर्वोच्च अदालतका सबैजसो कागजात जलेर नष्ट भएका थिए । अदालतले मुद्दाका पक्ष एवं सरोकारवालालाई सम्बन्धित मुद्दाको कागजात जुटाउन सहयोगका लागि आह्वान गरेको थियो ।

# अस्थायी मतदाता संकलन सुरु गर्दै आयोग

**काठमाडौं (प्रस)**– निर्वाचन आयोगले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि समानुपातिक निर्वाचन प्रणालीतर्फ मतदान गर्ने प्रयोजनका लागि अस्थायी मतदाता संकलन सुरु गर्ने भएको छ ।

आयोगले मतदाता नामावली ऐन, २०७३ को दफा ३० तथा अस्थायी मतदाता नामावलीसम्बन्धी कार्यविधि, २०८२ बमोजिम आयोगबाट अस्थायी मतदाता नामावली संकलन कार्यक्रम स्वीकृत गरेको हो । आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार अस्थायी मतदाता नामावलीमा नाम समावेश हुने मतदाताको विवरण यही पुस १९ देखि आगामी माघ १८ गतेसम्म सम्बन्धित निकायका कार्यालय प्रमुखले प्रमाणित गरी प्रमुख नाम दर्ता अधिकारी अधिकारी प्रदेश वा जिल्ला निर्वाचन अधिकारीको कार्यालयमा पठाउनुपर्ने छ ।

संकलित नामावली प्रकाशन र दाबीविरोध तथा जाँचबुझ गरी अन्तिम अस्थायी मतदाता नामावली प्रकाशन गर्ने कार्यक्रम रहेको छ । आयोगबाट प्रकाशन भएको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएका नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह तथा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका संस्थामा कार्यरत कर्मचारी, ब्यारेकमा रहेका नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपाल, कारागारमा रहेका थुनुवा र कैदी, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले सञ्चालन गरेका वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वीकृति लिई सञ्चालनमा रहेका वृद्धा अवस्थामा बसेका व्यक्तिहरू एवं संवैधानिक निकायका पदाधिकारीको नामावली संकलन गरिने आयोगले जनाएको छ ।

स्वास्थ्य मन्त्रालयको आग्रह–

# जाडोमा आगो ताप्दा सावधानी अपनाऔं

**काठमाडौं (प्रस)**– स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जाडोमा आगो ताप्दा, हिटर वा गिजरलगायत उपकरण प्रयोग गर्दा सावधानी अपनाउन आग्रह गरेको छ । मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले जाडोयाममा आगो ताप्दा, हिटर चलाउँदा वा गिजर प्रयोग गर्दा सावधानी नअपनाउँदा गम्भीर घटना हुनसक्ने भन्दै सावधानी अपनाउन आग्रह गरिएको बताए ।

उनले जाडोमा शरीर वा कोठालाई न्यानो बनाउन आगो बाल्दा वा तातो बनाउने उपकरण प्रयोग गर्दा हावा ओहोरदोहोर हुने अवस्था हेर्न र कोइलाजन्य स्रोतबाट सकेसम्म आगो नताप्न आग्रह गरे । 'आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडाजस्ता छिटो जल्ने खालका सामग्री नजिकै नराख्न र आगो तापिसकेपछि त्यसलाई पूर्णरूपमा निभाउन अनुरोध छ,' प्रवक्ता डा. बुढाथोकीले भने ।

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मितिः २०७४/०७/१७ मा दर्ता भएको प्रा.लि.नं. १७७४५४ को **नेपाल बायोफट्रिलाईजर एण्ड रिसर्च सेन्टर प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०९/१३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

**कम्पनी दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयको मिति २०७७/०६/२० मा दर्ता भएको **प्रा. लि. नं. २४४२२१** को **टुडेज् नेपाल निर्माण सेवा प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०९/०७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

**बीमालेख हराएको सूचना**

यस कम्पनीबाट जारी गरिएको तपसिल बमोजीमको बीमालेख बीमितले **दुप्चेश्वर ५, नुवाकोट** बाट हराएको हुँदा पाउनु हुने माहनुभावले नजिकको प्रहरी कार्यालय वा यस कम्पनिको नजिकैको शाखा कार्यालयमा बुझाउनु हुन अनुरोध गरिन्छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र नभेटिएमा वा दाबी नआएमा नियमानुसार प्रतिलिपि बीमालेख जारी गरिने व्यहोरा समेत सुचित गरिन्छ ।

| क्र.स | बीमालेख नं. | बीमितिके नाम | ठेगाना |
|---|---|---|---|
| १ | ७२१८०००२१३५ | श्री एलिसा थापा | दुप्चेश्वर ५, नुवाकोट |

ASIAN Life Insurance Company
एशियन लाईफ इन्स्योरेन्स कम्पनी लि.

---

**मोटरसाइकल हराएको सूचना**

मिति २०८२।०९।०९ गते का.जि.टोखा न.पा वडा नं. ०९, शिवमन्दिर स्थित सडक किनारमा पार्किङ गरिराखेको कालो, रातो रङ्गको बजाज कम्पनीको २२० सि.सि. मोटरसाइकल बिहानको अन्दाजी ६:०० बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**धनीको नाम : तारा बहादुर राना**
**बाइक नं.: बा.प्र. ०२-०६२ प ७७१८**
**च्यासिस नं.: MD2A13EX9SCG87793**
**इन्जिन नं. : DKXCSG47904**
**ठेगाना : पाल्पा, निस्दी गा.पा. वडा नं.०६**
**सम्पर्क नं. ९८४९८७६९५९**

---

**मोटरसाइकल हराएको सूचना**

मिति २०८१।०८।०४ गते सुर्खेत जिल्ला, विरेन्द्र नगरपालिका वडा नं. ०१ एकताटोल स्थित कच्चि सडक किनारमा पार्किङ गरी राखिएको अवस्थामा कालो, रातो रङ्को बजाज कम्पनीको २२० सि.सि. को मोटरसाइकल अन्दाजी साँझको ५ देखि ८ बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**धनीको नाम : घमन बहादुर शाही**
**बाइक नं.: कर्णाली प्र. ०२-००२ प ३६५७**
**च्यासिस नं.: MD2AI3EX6MCG92629**
**इन्जिन नं. : DKXCMG24308**
**ठेगाना : खाँडाचक्र न.पा. ११, कालीकोट**
**सम्पर्क नं. ९८५११०८७६४**

---

**युएइमा रोजगार** कम्पनी : **ALKANZ JEWELLERY LLC**

पूर्व स्वीकृति मिति : २०८०/११/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०९/१३ | LT. No. 300957 | चलानी नं. ६०२१५८२३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Jeweller | 5 | 0 | 1500 | ६०,६८० | क.नि. अनुसार | ८ घण्टा | [illegible] | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Sales Officer | 4 | 3 | 1500 | ३०,३४० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान**: Siddhartha Hotel Grand City Birtamode,Jhapa **मिति: २०८२ माघ ०२ गते (16th Jan. 2026) मा हुनेछ ।**
Sunsari Traning Center Itahari,Sunsari **मिति: २०८२ माघ ०३ गते (17th Jan. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**यसै कम्पनीको लागि भारीमात्रामा सेल्स वाई, सेल्स गर्ल्स र अफिस असिस्टेनको माग आईरहेको छ, इच्छुक व्यक्तिहरुले सम्पर्क गर्नुहोला ।**

MOBHIRA OVERSEAS SERVICE PVT. LTD.
Basundhara, Kathmandu, Nepal, Tel: +977 -014982832
Jhapa: 977 982-7214996, 9807981913, Sunsari: 9707894397, 9852046497
Email: mobhiraoverseas111@gmail.com, mobhiraoverseas222@gmail.com
Govt. License 083/053/054

---

दावी विरोध सम्बन्धी
**वैदेशिक रोजगार विभाग, काठमाडौंको**

**सूचना**

प्रकाशित मितिः २०८२/०९/१४

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त तपसिल बमोजिमका श्री **Leader Overseas Pvt. Ltd.** (ई.प.नं. 1408/074/75) काठमाडौंको संचालक/शेयरधनीले आफ्नो नाममा कायम रहेको शेयरहरु दा.खा. नामसारी गरि पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम मृत्युपछिको हक हस्तान्तरण शेयर दा.खा. नामसारीको सहमति दिंदा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सबुद प्रमाण सहित **वैदेशिक रोजगार विभाग**मा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

तपसिल

| साविकका शेयरधनीहरुको नाम | अब कायम हुने शेयरधनीहरुको नाम |
|---|---|
| १. श्री हुकुम बहादुर डाँगी (०१-१,००,०००) | १. श्री दीपक वली (०१-२०,०००)<br>१. श्री डिभिजन डाँगी क्षेत्री (२०,००१ -४०,०००)<br>१. श्री जय बहादुर खत्री (४०,००१-६०,०००)<br>१. श्री कुमार डाँगी (६०,००१-८०,०००)<br>१. श्री हुकुम बहादुर डाँगी (८०,००१-१,००,०००) |

---

**भागेश्वर सुगर एण्ड केमिकल्स इण्डष्ट्रिज प्रा. लि.**
पुर्नवास-०२, कञ्चनपुर

**मूल्य सुची**

यस उद्योगबाट उत्पादित मोलासेस Rectified Spirit 660P प्रतिलिटर मूल्य रु.१२५/- तथा Extra Neutral Alcohal 68OP (ENA) प्रतिलिटर मूल्य रु.१३२/- ले मिति २०८२/०९/१४ देखि बिक्री गरिने भएकोले सबैको जानकारीको लागी यो मूल्य सूची प्रकाशित गरिएको छ । यस मूल्यमा **अन्तः शुल्क तथा मू.अ.कर समावेश गरिएको छैन**

---

**साउदीमा रोजगार** कम्पनी : **AL SAMOU ROAD TRANSPORT CORPORTION**

पूर्व स्वीकृति मिति : २०८२/०९/१३ | LT. No. 336134 | चलानी नं. ६०२४९७२१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCKS DRIVER | 1 | 0 | 1800 | ६८,९९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस २१ गते (5th Jan. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

NEW ALFA HR SERVICES PVT. LTD.
Maharajgunj-3, Kathmandu, Nepal, Contact: 01-4721183, 9841531176, E-mail : newalfahrs@gmail.com, Web: www.newalfahrs.com
Govt. License No. 1090/073/74

---

**रास्कोट नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**आर.सि.पि. कालीकोट**
**कर्णाली प्रदेश, नेपाल**

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी स्थगित गरिएको सूचना**

**(प्रकाशित मिति २०८२/०९/१४)**

रास्कोट नगरपालिकाबाट Constructions of Dharmadatta Basic School, Raskot Municipality-04 Kalikot को ठेक्का नं. RM/082-083/WORKS/NCB-04 कार्यको लागि मिति २०८२।०९।०८ गतेको मध्यान्ह राष्ट्रिय दैनिकमा आर्थिक प्रस्ताव खोल्ने सम्बन्धि सूचना पठाएकोमा उक्त आर्थिक प्रस्ताव खोल्ने कार्य अर्को सूचना प्रकाशित नभएसम्मका लागि स्थगित गरिएको व्यहोरा सम्बन्धित सरोकावालाहरु सबैलाई सूचित गरिन्छ ।

---

**धार्चे गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**माछीखोला, गोरखा**
**गण्डकी प्रदेश, नेपाल**

**क्याटलग/ब्रोसर सपिङ विधिबाट मोटरसाइकल खरिद सम्बन्धी सिलबन्दी प्रस्ताव आव्हानको सूचना**

**(प्रथम पटक प्रकाशित मितिः- २०८२/०९/१४ गते)**

यस गाउँपालिकाको आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत मोटरसाइकल खरिद सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ (पहिलो संशोधन, २०७३) को दफा ८ को उपदफा १ (क) तथा सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ३१ (ख) बमोजिम त्यस्ता मोटरसाइकल उत्पादक कम्पनि वा सो को आधिकारिक बिक्रेताहरुको विच मात्र प्रतिस्पर्धा गराउने (क्याट्लग सपिङ्ग) बिधिबाट खरिद गर्नुपर्ने भएकाले सार्वजनिक खरिद नियमावलि, २०६४ को नियम ३१ (ख) को उपनियम २ अनुसार देहाय बमोजिमको मोटरसाइकल उत्पादकको आधिकारिक बिक्रेताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

**तपशिलः**

- सिलबन्दि प्रस्ताव सम्बन्धि कागजात यस कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।
- उक्त प्रस्ताव लिनका लागि इच्छुक इजाजत प्राप्त उत्पादन कम्पनि वा त्यसको आधिकारिक विक्रेताहरुले आफ्नो फर्मरकम्पनि दर्ता अधिकार प्रत्यायोजन पत्र, प्यान र भ्याट दर्ता, कर चुक्ताको प्रमाणपत्र प्रमाणित प्रतिलिपि, कम्पनिको निवेदन सहित सूचना प्रकाशित भएको मितिले ७ (सात) औं दिनको १२ बजेभित्र यस कार्यालयमा निवेदन दर्ता गराउन आव्हान गरिन्छ ।
- उत्पादनको आधिकारिक प्राविधिक स्पेशिफिकेशन, मूल्य, गुणस्तर तथा सुविधा सहितको विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखी पेश गर्नुपर्नेछ ।
- दर्ता भएका सिलवन्दी प्रस्तावहरु सोहि दिनको १४:०० बजे खोलिने छ । पेशगर्ने अन्तिम दिन सार्बजनिक बिदा परेमा बिदा पछिको कार्यालय खुलेको दिन पेश गर्न सकिने छ ।
- प्राविधिक प्रस्तावबाट सफल प्रस्तावदाताहरुलाई पुनः आर्थिक प्रस्तावको सूचना प्रकाशित गरिनेछ ।

| संख्या | ठेक्का नं. | सवारी साधनको नाम | संख्या | संक्षिप्त विवरण र शर्तहरु | कैफियत |
|---|---|---|---|---|---|
| १ | DRM/SQ/CAT/01/2082/083 | Motor Cycle | ७ | मोटरसाइकल यस कार्यालयबाट स्वीकृत स्पेसिफिकेशन अनुसार हुनुपर्नेछ र उक्त स्पेसिफिकेशन यस गाउँपालिकाको कार्यालयमा वा website: dharchemun.gov.np मार्फत हेर्न सकिनेछ । | |

**प्रमुख प्रशासकिय अधिकृत**

---

**धुलिखेल माउन्टेन रिसोर्टको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) को सार्वजनिक सुचना**

**प्रथम पटक प्रकाशित मितिः २०८२/०९/१४**

बागमती प्रदेश, काभ्रेपलाञ्चोक जिल्ला, पाँचखाल नगरपालिका-५ मा धुलिखेल माउन्टेन रिसोर्ट प्रा.लि. द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | प्रस्तावकको नामः धुलिखेल माउन्टेन रिसोर्ट प्रा.लि.,<br>ठेगानाः पाँचखाल न.पा. वडा नं.५, खावा, काभ्रेपालाञ्चोक, बागमती प्रदेश<br>फोन नंः ९८०११६८९५१ इमेलः finance@dmrnepal.com |
| प्रस्तावको व्यहोरा | प्रस्तावको नामः धुलिखेल माउन्टेन रिसोर्ट<br>मुख्य विशेषताः |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा. | काभ्रेपलाञ्चोक जिल्ला, पाँचखाल नगरपालिका-५, खावा |

मुख्य विशेषताः

| | |
|---|---|
| आयोजना रहको जग्गाको कुल क्षेत्रफल | ५,०५४४.६७ वर्ग मि. (९९-५-२-३.१८) |
| Total Built up area | हाल सञ्चालनमा रहेकोः २१८१.५९ वर्ग मि.<br>थप निर्माण गरिने : ६,३५९ वर्ग मि.<br>कूलः ८,५४०.५९ वर्ग मि. |
| कित्ता नं. | ९२५, ४२५, ४२७, ४२९, ५०३, ५०५, ३७२, ४२०, ३०४, ३१६, ३१९, ५९८, ३१८, ५०४, ५०६, ५०७, ५७१, ३७३, ७८५, ७८६, ४२४, ४२६, ४२८, ५९९, ५३८, ५३९, ३०५ |
| आयोजनाको उद्देश्य | रिसोर्टको थप निर्माण तथा सञ्चालन |
| जम्मा कोठा तथा बेड संख्या | हाल सञ्चालनमा रहेकोः ४२ कोठामा ९० बेड<br>थप निर्माण गरिने : ४० कोठामा ८० बेड<br>कूलः ८२ कोठामा १७० बेड |
| जम्मा बेड संख्या | १७० शय्या |
| जम्मा भवन कटेज तथा भिल्लाको संख्या | हाल सञ्चालनमा रहेको (९ वटा भवन र २४ वटा कटेज)<br>थप निर्माण हुने ( १ वटा भवन र २० वटा भिल्ला)<br>कुलः १० वटा भवन, २४ वटा कटेज र २० वटा भिल्ला) |

माथि उल्लिखित प्रस्तावको वातावरणीय प्रभाव मुल्याङ्कन गर्ने सिलसिलामा, वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ को नियम (७) उपनियम (२) को प्रावधान अनुसार राय सुझाब सङ्कलन प्रयोजनको लागि यो सुचना प्रकाशित गरिएको छ। उक्त प्रस्ताव (स्तरोन्नती तथा सञ्चालन) कार्यान्वयन गर्दा त्यस क्षेत्रको भौतिक, जैविक, रासायनिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरण एवं अन्य क्षेत्रमा प्रभाव पर्ने वा पर्न सक्ने भए सो सम्बन्धमा यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित राय सुझावहरु पठाउनु हुन सम्बन्धित स्थानीय, सबै सरोकारवालाहरुलाई अनुरोध गर्दछौं ।

| प्रस्तावकको नाम ठेगाना | सम्बन्धित नगरपालिकाः | परामर्शदाताको नाम ठेगानाः |
|---|---|---|
| धुलिखेल माउन्टेन रिसोर्ट प्रा.लि.<br>पाँचखाल न.पा. वडा नं.५, खावा,<br>काभ्रेपलाञ्चोक, बागमती<br>फोन नंः ९८०११६८९५१<br>इमेलः finance@dmrnepal.com | पाँचखाल नगरपालिका<br>काभ्रेपलाञ्चोक जिल्ला, बागमती<br>फोन नंः ०११-४९९४५१<br>इमेलः panchkhal.municipality@gmail.com | जूनिपर इन्भाईरोमेण्टल एण्ड रिसर्च कन्सल्टेन्ट प्रा.लि., काठमाडौं,<br>इमेलः info.jerc@gmail.com<br>फोन नंः ०१-५९१४३५४ |

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# वैकल्पिक शक्ति एक हुनुको सार्थकता

जेन–जी विद्रोहको मुख्य सन्देश थियो– पुराना दलले थिलथिलो पारेको शासन प्रणालीलाई सुधार्न नयाँ शक्ति आउनैपर्छ । भदौ २३ र २४ गते भएको विद्रोहको तारो पुराना दल बने । कारण थियो– वर्षौंदेखि छुद्रो बनेको शक्तिशाली दलका शक्तिशाली नेताहरूको बोली । खासमा स्थायी सत्ता कर्मचारी प्रशासन हो । कर्मचारी प्रशासन औपचारिकतामा विश्वास गर्छ । परिवर्तनको विषयमा निकै सोचविचार गर्छ । यही विषयमा सुधार गर्न शासनव्यवस्थामा राजनीतिक दल, संसद् हुन्छन् । यिनले दैनिकी सहज बनाउन कर्मचारी प्रशासनको अडानविरुद्ध बोल्छ र जनताको काममा सहजीकरण गरिदिन्छ ।

तर राजनीतिक दल र नेताहरू उनै कर्मचारीहरूसँग मिल्न थाले । बरु सेटिङमा उनीहरूसँग भ्रष्टाचारमा संलग्न भए । जनताको भागमा दुःख, बेरोजगारी, निराशाबाहेक केही परेन । यसैले पनि जनताले यी शीर्ष दलमाथि रिस पोखे । यो आन्दोलनको एउटै सन्देश भनेको जनताले चुनेको प्रतिनिधिले जनताको लागि काम गरोस् भन्ने हो । यसका लागि जनताले नयाँ शक्तिहरू एक हुनुपर्छ भनेर सुझाइरहेका छन् ।

यसका लागि राष्ट्रिय स्वतन्त्र पार्टी, देशको लोडसेडिङ हटाएर उज्यालो बनाएका कुलमान घिसिङ, काठमाडौं महानगरका मेयर बालेन्द्र (बालेन) साहलगायतलाई एकै स्थानमा उभिन सुझाएका छन् । यतिमात्र हैन, सुधार चाहेका तर पुराना दलमा हेपिएका युवा नेताहरूलाईसमेत यो वैकल्पिक शक्तिमा एक भएको जनताले हेर्न चाहिरहेका छन् । यसको सुरुआत रास्वपा र काठमाडौंका मेयर बालेनबीच आइतबार बिहानै भएको सहमतिबाट भएको छ ।

रास्वपा सभापति रवि लामिछाने र बालेनलाई यसअघि धेरैले चुम्बकका एकै ध्रुव मान्थे । उनीहरू मिल्नै नसक्ने ध्रुव भए पनि जनताले आवश्यक ठानेकोले मिलेको धारणा लामिछानेले राखिसकेका छन् । यो एकदम स्वागतयोग्य विषय हो । वैकल्पिक शक्ति निर्माणमा कुलमानसमेत मिल्ने गरी वार्ता अघि बढिरहेको छ । यो मिलनलाई लिएर पुराना दलले युक्रेनसँग दाँजिरहेका छन् ।

युक्रेनका राष्ट्रपति भ्लादमिर जेलेन्स्कीसँग दाँजेर उनीहरूले मिथ्या आरोप लगाउन थालेका छन् । यो प्रश्नलाई समझदारी सम्झनुपर्छ । नयाँ दलहरू चारतिर छरिनुभन्दा एक हुनु स्वाभाविक संकेत हो । जेन–जी विद्रोहपछि सतहमा आएको पात्रहरू पनि अब एकै ठाउँमा उभिनुपर्छ । बुद्ध एयअरका सञ्चालक वीरेन्द्र बस्नेतदेखि अरु जेन–जी युवाहरू पनि वैकल्पिक शक्तिमा आउनुपर्छ । यो मिलनमा कर्मचारी प्रशासनसँग मिलेर जनतालाई दुःख दिने होइन उनीहरूको दैनिकीलाई सहजीकरण गर्ने काममा भने यो शक्ति लाग्नैपर्छ । यसो भएमामात्र यो एकताले सार्थकता पाउने छ ।

# भोजनले मानसिक स्वास्थमा पार्ने प्रभाव



❑ डा. अरुणा उप्रेती

> “ अहिलेको बदलिँदो सामाजिक अवस्थाले गर्दा बढ्दै गरेका मानसिक समस्या अझ थपिएका छन् । विश्व स्वास्थ्यको तथ्यांकलाई हेर्ने हो भने संसारभरमा मानिसलाई सबभन्दा बढी अशक्त भार पर्ने १० वटा रोगमध्ये पाँच वटा त मानसिक रोग नै छ । त्यसमा पनि डिप्रेसन (मानसिक अवस्था) दोस्रो स्थानमा छ । बढ्दो मानसिक रोगको समस्याको दिगो समाधानका लागि समयमै औषधोपचार गर्नुका साथै उचित खानपानमा पनि ध्यान दिन आवश्यक छ ।

४० वर्षदेखि कार्यरत वरिष्ठ मानसिक रोग विशेषज्ञ डा. विश्वबन्धु शर्माको अनुभवमा मानसिकरूपमा स्वस्थ रहन हाम्रो भोजनले ठूलो भूमिका खेल्छ । डा. शर्माका विचार ‘सामान्य शारीरिक स्वास्थ्यको अवस्था मानसिक स्वास्थ्यको पूर्वाधार भएकाले जस्तो खानपिनले शारीरिक स्वास्थ्यमा सकारात्मक प्रभाव पार्छ, त्यो मानसिक स्वास्थ्यका लागि पनि उपयुक्त हुन्छ भन्ने कुरा सामान्य स्थापित मान्यता हो । केही खाद्यवस्तुको विशेष भूमिका रहन्छ ।’

सूक्ष्म पोषण तत्त्वसहित रेशादार पदार्थ प्रचुर मात्रामा भएको खाना विशेषरूपले मानसिक स्वास्थ्य सबल पार्न मद्दत गर्छ । जतिसक्यो कम प्रशोधन गरिएको, शरीरमा एकैचोटी चिनीको मात्रा नबढाउने, ताजा खाद्यपदार्थले मस्तिष्क सक्रिय र प्रभावकारी बनाउन भूमिका खेल्छन् । अर्थात् विभिन्न थरिका स्वस्थ भोजनका साथै वनस्पतिजन्य भोजनले मस्तिष्कलाई क्रियाशील बनाउन सक्षम हुन्छ । त्यसैगरी विभिन्न फलफूलजस्तै सुन्तला, जुनार, अम्बा, विभिन्न प्रकारको बेरीहरू (जस्तैः काफल, ऐँसेलु, स्ट्रबेरी) फलफूलमा शरीरमा एन्टिअक्सिडेन्ट (बढौती हुने प्रक्रिया न्यूनीकरण गर्ने) तत्त्व, रेशादार हुन्छन् । यी तत्त्वहरूले मानसिक स्वास्थ्य सबल राख्न भूमिका खेल्छन् ।

त्यसैगरी तरकारीजस्तो ब्रोकाउली, काउली, मुला आदिजस्ता तरकारी पनि महत्त्वपूर्ण मानिन्छन् । गाढा हरियो पात, रंगिन तरकारी जस्तैः फर्सी, चुकन्दर, रातो बन्दा आदिमा पर्याप्त मात्रामा फाइटोकेमिकल (एक रसायन जुन मस्तिष्कका लागि उपयोगी) हुन्छ । मानसिक स्वास्थ्यमा सकरात्मक असर पार्छ । स्वस्थकर खानाको चर्चा गर्दा वैज्ञानिकले महत्त्वपूर्ण कुरा सुरुआत भएको छ । मानसिक स्वास्थ्य समस्या भएर आएका बिरामीलाई ओखर, विभिन्न बियाँ (आलस, तिल, फर्सीको बियाँ) र रंगिन दलहन र कालो दाल, रातो दाल मुगे प्रयोग गर्ने सल्लाह दिइन्छ ।

डा. शर्माको भनाइले स्पष्ट हुन्छ कि प्रायः मानसिक स्वास्थ्य सबल राख्न पनि त्यस्ता भोजनले भूमिका खेल्छन् जुन भोजनले मुटु, कलेजो, पाचन प्रणाली स्वस्थ राख्छ । विभिन्न वैज्ञानिक अनुसन्धानले सिद्ध गरेका छन् । डा. शर्माको भनाइअनुसार ‘मस्तिष्कका लागि भिटामिन ‘बी’ १२, भिटामिन ‘डी’ आदि पनि महत्त्वपूर्ण छन् । भिटामिन ‘बी’ १२ को धेरै कमी भए बिर्सने रोगको जस्तै लक्षण देखापर्ने सम्भावना हुन्छ । ‘चरुवा कुखुराको अण्डा, ताजा पानीका माछा, चरुवा जनावरको मासुको सेवन मस्तिष्क स्वस्थ राख्न उपयुक्त हुन्छ । हुन त कति स्वास्थ्यकर्मीले भिटामिन ‘बी’ १२ शाकाहारी भोजनमा पाइन्न भन्ने ठान्छन् । तर वनस्पतिजन्य भोजन जस्तैः चिज, पनिर, दही, मोहीले शरीरमा भिटामिन ‘बी’ १२ पुग्छ’ भन्ने डा. शर्माको अनुभव छ । ‘मष्तिस्कका कोषिकाहरू नष्ट भएपछि पुनर्जीवित हुँदैनन्, त्यसैले नष्ट हुने प्रक्रिया न्यूनीकरण गर्न सकेसम्म स्वास्थ्यका भोजनमा ध्यान दिनुपर्छ ।’

विगत केही वर्षदेखि पोषण र मानसिक स्वस्थ अनेक अनुसन्धान भइरहेको र मानसिक रोगविज्ञले मानसिकरूपमा स्वस्थ रहन व्यायाम, निद्रा, सामाजिक सक्रियातालाई पनि महत्त्वपूर्ण ठान्छन् । मानसिक समस्या भएर विभिन्न औषधि सेवन गर्दा त्यसबाट हुने ‘साइडइफेक्ट’ न्यूनीकरण गर्न पनि पौस्टिक भोजनको जरुरत पर्दछ । कुनै औषधिले कब्जियत गराए पर्याप्त मात्रामा सुप, पानी वा मोही पिउने र विभिन्न थरिका साग, फलफूलजस्ता रेशादार तत्त्व बढी भएका भोजनको प्रयोग गर्नुपर्छ । त्यसैगरी अनिद्राको कारणले मस्तिष्क र पाचन प्रणालीमा समस्या हुनसक्ने भएकाले यो बेलामा पनि भोजन र जीवनशैलीसम्बन्धी परामर्श दिइन्छ । सुत्ने बेला तातो दूध र बेसारको सेवन गर्ने, रातिको समयमा धेरै क्यालोरी र बोसोजन्य वस्तु आदि नखाने सल्लाह दिइन्छ । पाचन अंग आन्द्रा र आन्द्रामा भएका सूक्ष्म किटाणुले पाचन प्रणालीलाई मजबुत गराउने छ भन्ने हालै वैज्ञानिक अनुसन्धानले देखाएको छ ।

मानसिक स्वास्थ्यसँग भोजन जोडिएको छ भन्ने तथ्य त केही चिकित्सकले अगाडिदेखि भन्दै आए पनि यो कुरा आममानिसले बुझ्न अझै बाँकी छ । पेटभित्रको अंगको फरक–फरक सञ्चालन प्रक्रिया छ । आकाश गंगामा खर्बौं तारा रहेजस्तो पेटभित्र पनि खर्बौं किटाणु छन् । जीवाणु, ढुसी आदि शरीरको विभिन्न भाग (आन्द्रा) भुँडीको साथै फोक्सो आदिमा अवस्थित रहन्छन् । यिनको उपस्थितिले हाम्रो शारीरिक र मानसिक स्वास्थ्यमा भूमिका खेल्न सक्नेबारे अनुसन्धान भइरहेको छ ।

आधुनिक चिकित्सा विज्ञानले भन्छ, ‘धेरैजसो शारीरिक रोगको जरो पेटमा हुन्छ ।’ आयुर्वेद विज्ञानले पनि पेटको समस्या परेपछि विभिन्न रोग उब्जिन्ने उल्लेख गरेको छ । अहिलेको वैज्ञानिक अनुसन्धानले सिद्ध गरेको छ कि ‘पेटको स्वास्थ्यले मानसिक स्वास्थ्यमा पनि असर पर्छ । सजिलो बुझ्ने भाषामा बुझ्ने हो भने मानसिकरूपमा सबल हुन स्वस्थकर भोजन चाहिन्छ । मानसिक रोगीलाई केवल पेटको स्वास्थ्य राम्रो पारेरमात्रै उपचार गर्न सकिन्छ भन्ने होइन । मानसिक तनाव, डिप्रेसन, छारेरोग, उन्माद हुँदा औषधिको जरुरत पर्छ नै । कतिलाई त लामो समय औषधि जरुरत पर्छ । तर मानसिक रोग लागेका मानिसलाई औषधिको साथै स्वस्थ भोजनको पनि जरुरत पर्छ भन्नेचाहिँ पक्कै हो । जस्तो छारेरोग लागेको मानिसले जाँड रक्सी त छुनै हुँदैन ।

हाम्रो पेट स्वस्थ भयो भने अर्थात् स्वस्थ खाना खायौं भने मानसिक स्वास्थ्यको उपचार पनि ठूलो भूमिका खेल्छ । पेट र मस्तिष्कबीचको प्रगाढ सम्बन्ध छ । यतिसम्म कि पेटलाई त दोस्रो मस्तिष्क नै मानिएको छ । यो स्पष्ट छ कि पेटमा रहेको खर्बौं जीवाणुको स्वास्थ्य पनि हाम्रो भोजनमा नै निर्भर रहन्छ । अनि तीनै जीवाणुले र किटाणुले हाम्रो मस्तिष्क भावना उत्तार चढावमा भूमिका खेल्छ । सरकारको स्वास्थ्यको कार्यक्रममा मानसिक रोगको उपचार र मानसिक स्वास्थ्य अति कम प्राथमिकतामा पर्छ । किनभने जो यो समस्याबाट पीडित छ उसले आफूलाई भएको समस्याको बारेमा बोल्न सक्दो आवाज उठाउन सक्दैन । जसलाई यो समस्या परेको छैन, उसले मानसिक रोगीप्रति हेर्ने दृष्टिकोण सकारात्मक रहेको पाइँदैन ।

शरीर स्वस्थ रहचो भने मन स्वस्थ रहन्छ, पेट स्वस्थ भए मन र शरीर दुवै स्वस्थ भन्ने भनाइ पनि छ । विज्ञले भन्छन्– पेटको स्वास्थ्यसँग छ सम्बन्ध अहिले विभिन्न बिर्सिने रोग, पार्किन्सको समस्याले मानसिक समस्यामा पनि भूमिका खेल्छ । सेराटोनिन नामको तत्त्व पेटमा ८० प्रतिशत उत्पन्न हुन्छ । सेराटोनिनले मानव मस्तिष्कमा प्रभाव पारेर आनन्दको अनुभूति जगाउँछ । तर मस्तिष्कमा सेराटोनिनको कमी भएपछि उदास हुने समस्या उत्पन्न हुन्छ । जुन तत्त्व पेटमा उत्पन्न भएर मस्तिष्कको कार्यलाई नियन्त्रण गर्छ । त्यसैले पेट स्वस्थ राख्न भोजन निद्रा, व्यायामको कुराले महत्त्व राख्दछ । रेशादार पदार्थ भएको भोजनको उपयोग गर्दा मनको स्वास्थ्य सबल राख्न पनि मद्दत गर्छ ।

विश्व स्वास्थ्य संगठनको एक तथ्यांकअनुसार कुनै पनि समाजमा १५ प्रतिशत मानिस विभिन्न किसिमका मानसिक समस्याबाट पीडित हुन्छन् र दुई प्रतिशत मानिसमा अति कडा खालका मानसिक समस्या रहेको छ । यस अर्थमा नेपालमा पनि झण्डै ४० लाख मानिस विभिन्न किसिमका मानसिक समस्याबाट पीडित छन् र झण्डै छ लाख मानिसमा कडा किसिमको मानसिक समस्या रहेको छ । यस्ता मानसिक समस्यामध्ये सुस्त मनस्थिति, विभिन्न किसिमका लागूऔषधिहरू प्रयोग गरेर विक्षिप्त भएका मानिस, विभिन्न किसिमका सामाजिक समस्या परेर मानसिक अपराध र डिप्रेसन, प्रसवपछि मानसिक समस्या परेका आदि व्यक्ति पनि पर्छन् ।

अहिलेको बदलिँदो सामाजिक अवस्थाले गर्दा बढ्दै गरेका मानसिक समस्या अझ थपिएका छन् । विश्व स्वास्थ्यको तथ्यांकलाई हेर्ने हो भने संसारभरमा मानिसलाई सबभन्दा बढी अशक्त भार पर्ने १० वटा रोगमध्ये पाँच वटा त मानसिक रोग नै छ । त्यसमा पनि डिप्रेसन (मानसिक अवस्था) दोस्रो स्थानमा छ । बढ्दो मानसिक रोगको समस्याको दिगो समाधानका लागि समयमै औषधोपचार गर्नुका साथै उचित खानपानमा पनि ध्यान दिन आवश्यक छ । यसबारेमा जनस्तरमै चेतना अभिवृद्धि गर्नुपर्ने देखिन्छ ।

*(लेखक जनस्वास्थ्य तथा पोषणविद् हुन्)*

## श्रम सरोकार

# नेपालमा पैसा पठाउँदा ध्यान दिनुपर्ने कुराहरू

विदेशमा कमाएको पैसा सुरक्षितसँग घरमा पठाउनु उत्तिकै आवश्यक छ । अवैधानिक माध्यमबाट पठाउँदा ठगीमा परिने सम्भावना हुन्छ । विदेशबाट नेपालमा आफ्ना आफन्तलाई पैसा पठाउन बैंक खाता वा रेमिटचान्स कम्पनीहरूको प्रयोग गर्न सकिन्छ । अझ रेमिटचान्सबाट पठाउन तुलनात्मकरूपमा सस्तो, सहज र भरपर्दो हुन्छ । वैधानिक माध्यमबाट रेमिटचान्स पठाउनेलाई सरकारले विभिन्न सुविधासमेत दिएको छ ।

नेपालमा पैसा पठाउन विभिन्न रेमिटचान्स कम्पनीहरूले सेवा दिँदै आइरहेका छन् । आफू कार्यरत देशबाट कुन-कुन रेमिटचान्स कम्पनीले नेपालमा पैसा पठाउन काम गरिरहेका छन् भन्ने बुझ्नुपर्छ । अझ यसमा बुझ्न के जरुरी छ भने ती रेमिटचान्स कम्पनी नेपालमा रेमिटचान्स कारोबार गर्न अनुमति प्राप्त कम्पनी हो कि होइन । कतिपय अनुमति नलिई सञ्चालन गरिएको कम्पनीले कम सेवा शुल्क र बढी विनिमय दरमा पठाइदिने प्रलोभनमा पारेर ठगी गर्न सक्छन् । यसमा सचेतता अपनाउन जरुरी छ ।

रेमिटचान्स पठाउँदा पूर्ण विवरणसहित रकम पठाएको भौचर लिन अनिवार्य हुन्छ । त्यस्तो भौचर सुरक्षित राख्नुपर्छ । केही कारण नेपालमा पाउनुपर्ने व्यक्तिले नपाएको खण्डमा उक्त भौचरमार्फत दाबी गर्न सकिन्छ । यसका अलावा नेपालमा आउँदा सरकारले दिएका विभिन्न सेवा लिनका लागि पनि यस्तो भौचर आवश्यक पर्दछ ।

विदेशमा रहेका बैंक खातामार्फत पनि पैसा पठाउन सकिन्छ । यसका लागि पैसा पठाउने र प्राप्त गर्ने दुवै व्यक्तिको बैंक खाता हुनुपर्छ र बैंकको अन्तर्राष्ट्रिय सञ्जाल हुन पनि जरुरी हुन्छ । पैसा पठाउने व्यक्तिले पैसा प्राप्त गर्ने व्यक्तिको बैंकको नाम, खाता नम्बर र बैंकको एक अन्तर्राष्ट्रिय कोड जसलाई ‘स्विफ्ट कोड’ भनिन्छ, यी जानकारीहरू बैंकमा उपलब्ध गराएपछि इच्छाइएको व्यक्तिको खातामा रकम पुग्ने छ । यो माध्यमबाट पैसा पठाउन साधारणतया रेमिटचान्सभन्दा महँगो पर्छ ।

पैसा पठाउने क्रममा अनौपचारिक र गैरकानुनी माध्यमहरू पनि भेटिन्छन् । यस्ता संयन्त्रमा आफूले पठाएको पैसाको कुनै ग्यारेन्टी नहुने हुनाले पैसा डुब्ने जोखिम धेरै हुन्छ । त्यसैले हुण्डीलगायत अवैधानिक च्यानल र व्यक्तिगत माध्यमबाट कहिल्यै पनि पैसा पठाउनु हुँदैन । यसरी अवैधानिक च्यानलबाट पैसा पठाउँदा भोलि नेपालमा आएपछि पनि समस्या हुनसक्छ । त्यसैले सधैं नेपाल राष्ट्र बैंकबाट अनुमतिप्राप्त रेमिटचान्स कम्पनी र तिनका आधिकारिक एजेन्टमार्फत वा बैंकिङ च्यानलमार्फत मात्रै पैसा पठाउने गर्नुपर्छ ।

## पाठक मञ्च

# सिस्टम बसाऊ, स्वतः बन्ने छ देश

अमेरिका, अस्ट्रेलियालगायत विकसित मुलुकहरूमा जग्गाको स्वामित्व राज्यलाई दिइएको हुन्छ । त्यहाँ हरेक व्यक्तिले आफ्नो आम्दानी र खर्चको विवरण राज्यलाई बुझाउनुपर्छ । आफूले कमाएको सम्पत्तिको स्रोत र कर तिरेको प्रमाण देखाउन नसकेमा सो सम्पत्ति राष्ट्रियकरण हुनुका साथै सम्बन्धित व्यक्तिलाई सजाय हुन्छ ।

विकसित मुलुकहरूमा १८ वर्ष पुगेपछि अभिभावकसँग बस्न पाइँदैन । अलग्गै बस्नुपर्छ र काम गर्दै पढ्नुपर्छ । चाहे अभिभावक जतिसुकै धनी होउन्, सन्तानले काम गर्नैपर्छ । यसरी उसले ६५ वर्षसम्म काम गर्दछ । त्यसपछि उसको हेरचाह सम्बन्धित परिवारले चाहेमा परिवार नभए राज्यले नै गर्छ ।

र, उसले जीवनभर कमाएको सम्पत्ति आफ्नो सन्तति वा आफन्तलाई दिने मञ्जुरी गरेमा सोहीको हुन्छ त मञ्जुरी नदिएमा स्वतः राज्यको हुन्छ । विकसित मुलुकहरूमा बैंकमा पैसा राखेमा ब्याज तिर्नुपर्छ । त्यहाँ सरकारी कर्मचारीलाई कुनै सेवासुविधा दिइँदैन । उनीहरूलाई मासिक होइन, घण्टाको हिसाबले तलब दिइन्छ । र, अवकाशपछि पेन्सन दिइँदैन ।

तर हाम्रोमा यी सबैको उल्टो छ । यहाँ जग्गाको स्वामित्व जनतालाई दिइएको छ । जसको जग्गा हो, उसले जुनसुकै बेला किनबेच गर्न सक्छ । आम्दानी र खर्चको हिसाबकिताब सरकारले नागरिकसँग खोज्दैन । यसले राजस्व छल्ने, अरुलाई ठग्ने वा लुटेर सम्पत्ति जोड्ने बढ्दै गएका छन् ।

हामीकहाँ १८ वर्षदेखि ७० वर्षसम्मका व्यक्तिहरू गफमा व्यस्त देखिन्छन् । आमाबुबाले भ्रष्टाचार गरेर, राजस्व छलेर सात पुस्तालाई पुग्ने सम्पत्ति कमाउँछन्, अनि छोराछोरी कामै नगरी जीवन कटाउँछन् । हाम्रो कानुनअनुसार कोही व्यक्तिको निधन भएमा उसको सम्पत्ति स्वतः सन्तान वा हकदाबीको नाममा जान्छ ।

अर्को कुरा सरकारी कर्मचारीलाई मासिकरूपमा तलब दिइन्छ । उनीहरूका सेवासुविधा मात्र अनेकौं हुन्छ । भ्रष्टाचार नगर्ने कर्मचारी भेट्न महामुस्किल छ । सरकारी सेवाको निकै तल्लो तहमा जागिर खाएको पाँच वर्ष नबित्दै कर्मचारीहरू करोडौंको जग्गा किनेर करोडौं खर्च गरी घर ठडाउँछन् । अनि तलबले मात्र त्यो सम्भव भयो त ?

मासिक ३० हजार रूपैयाँ तलबले घर खर्च टार्ने अनि छोराछोरी पढाउने कि घर बनाउने ? आफैं सोचौं । हरेक कर्मचारीले महलजस्तो घर बनाएका छन् । उनीहरूको रहनसहन पहिलेका राजाजस्तो देखिन्छ । अनि त्यति तलबले त्यो सम्भव छ त ? कर्मचारीहरूले भ्रष्टाचार गरेर अकुत सम्पत्ति जोडेका छन् । तर, सरकार कारबाही गर्न सक्दैन । अर्को कुरा, हामीकहाँ कर्मचारी अवकाशमा जाने र त्यसपछि पेन्सन दिने व्यवस्था छ । जसका कारण राज्यलाई खर्बौंको नोक्सानी हुँदै आएको छ ।

सेवामा रहुञ्जेल त काम नगरेर राज्यलाई लुट्छन्, अवकाशपछिसमेत राज्यको ढुकुटी लुटिन्छ । कर्मचारीदेखि व्यवसायी, सर्वसाधारणसम्मले अकुत सम्पत्ति जोडेका छन् । राजस्व छलेर । यहाँ एउटै व्यक्तिको पाँचदेखि ६७ वटासम्म महलजस्तो घर भेटिन्छ । यद्यपि, सरकार त्यो घर कुन पैसाले बनाइएको हो ? कसरी पैसा ल्याइयो ? घर भाडामा लगाएर राजस्व तिरेको छ कि छैन ? भनेर खोजतलास गर्दैन ।

जसले जे गरे पनि राज्य मतलब गर्दैन । जसका कारण यहाँ भ्रष्टाचार गर्ने, राजस्व छल्ने, ठग्ने, लुट्नेहरूको बिगबिगी भयो । कुनै पनि देश विकसित हुनुको पछाडि एउटै मुख्य कारण हुन्छ, राज्य बलियो र कडा हुनु । राज्यले नागरिकका हरेक कुरामा चासो लिएपछि त्यो देश विकासतर्फ मोडिन्छ । किनकि यसले राजस्व छली, भ्रष्टाचारलाई रोक्नुका साथै गरिब जनतालाई उकास्न सहयोग गर्छ ।

तर, हामीकहाँ त जनता के गरिरहेका छन् ? कसले कसरी कमाइरहेका छन् ? भनेरै राज्यलाई थाहा छैन । राज्यकै बेवास्ताका कारण सरकारी सम्पत्ति लुट्ने क्रम बढ्यो । सार्वजनिक, गुठी, ऐलानी, हदबन्दी बढी, मठमन्दिर, तालपोखरी, खोला नदी, वनजंगल, चौतारा, बाटोलगायतको घर कब्जा गरेर वा मिचेर घर, भवन ठड्याउने यहाँ धेरै छन् र त्यो क्रम जारी छ ।

यो स्थिति आउनुको प्रमुख कारण हो, हाम्रो सिस्टम । यदि विदेशमा जसरी सरकारले जग्गाको स्वामित्व नागरिकलाई नदिएको भए, १८ वर्ष पुग्नेबित्तिकै काम गर्नुपर्ने, सरकारी कर्मचारीलाई घण्टाको हिसाबले तलब दिने र पेन्सन नदिने, नागरिकको सम्पत्ति खोजतलास गर्नेजस्ता निर्णय गरेको भए आज यो स्थिति आउने थिएन ।


अर्को कुरा, सरकारले घरजग्गा, गाडी र सेयरलाई मात्रै राजस्वको स्रोत ठान्यो । उद्योग, कारखानामा लगानी गर्नुपर्छ भनेर जनतालाई प्रोत्साहन गरेन । मानिसहरूले आफूसँग भएकोसँगै ऋण लिएर यी क्षेत्रमा लगानी गरे । आज मन्दी आएपछि चुर्लुम्मै डुबेका छन् । यदि राज्यले नै यी विलासिताका वस्तु हुन् भनेर जनतालाई पहिल्यै भनिदिएको भए आज न जनता डुब्थे, न मुलुकको अर्थतन्त्रमा संकट आउँथ्यो । त्यसैले, राज्यले सही समयमै सही निर्णय वा सिस्टम बसाउन नसक्नुको असर समग्र देशले भोग्नुपर्छ ।

– राजकुमार मगर, धादिङ

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । –संपादक

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**परीक्षा दिँदै विद्यार्थी** | म्याग्दीको धौलागिरि गाउँपालिका–३ फलियागाउँस्थित धनजनता माध्यमिक विद्यालयका विद्यार्थीहरू कक्षा कोठाबाहिर बसेर आन्तरिक परीक्षा दिँदै । जाडो यामका कारण विद्यार्थीहरूलाई घाममा राखेर परीक्षा लिइएको हो । *तस्बिर: रासस*

# संकटमा पुर्ख्यौली पहिचान र लोक–संस्कृति



**लुम्बिनी (मर्चवार)**– कुनै समय मधेसका गाउँघरमा गुञ्जने 'डफला' बाजाको ताल संगीतमात्र थिएन, यो जीवनका हरेक उकाली-ओरालीको साक्षी थियो । शुभकार्यमा मंगल धुन बन्ने र मृत्यु संस्कारमा अन्तिम बिदाइको गम्भीर स्वर बन्ने यो मौलिक बाजाको अस्तित्व अहिले संकटमा छ ।

'समयको परिवर्तनसँगै भित्रिएको डिजे र आधुनिक ब्याण्ड बाजाको चर्को स्वरले डफलाको मौलिक धुनलाई विस्तारै मधुरो बनाउँदै लगेको छ,' लुम्बिनी सांस्कृतिक नगरपालिका-११ का दिनेश लोधले भने, 'लोक-संस्कारको पर्याय मानिने डफला अहिले लोपोन्मुख अवस्थामा छ ।'

'डफला'नेपालमा अवध (मधेस) कोविशिष्ट पहिचान बोकेको एउटा प्राचीन र मौलिक ताल बाजा हो । यसको बनावटमा जति सादगी देखिन्छ, ध्वनि त्यति नै गम्भीर र मिठासपूर्ण हुन्छ । यो वाद्ययन्त्र खासगरी सिसौ वा कर्माको काठलाई गोलाकार घेरा (फ्रेम) बनाएर तयार पारिन्छ । डफलाको एकतर्फ बाख्रा वा गाईको प्रशोधित छाला मढिएको हुन्छ । देब्रे हातले समातेर दाहिने हातका औंला, हत्केला वा दुईवटा पातला लट्ठी(स्टिक)को सहायताले यसलाई तालबद्धरूपमा बजाइन्छ ।

यो मुख्यतया उल्लास, विरह र वीरगाथा गायनमा प्रयोग हुने मौलिक-सांस्कृतिक बाजा हो । डफलाको जीवन्तसम्बन्ध विशेषगरी होली, दीपावली र पञ्चमीलगायत अवध मधेशको संस्कृति र विभिन्न पर्वसँग पनि गाँसिएको छ । वसन्त पञ्चमीदेखि नै गाउँका चौतारा र दलानमा डफलाको तालमा 'होरी' (फागु गीत) गाउने परम्पराले आपसी सद्भाव र एकताको सञ्चार गर्दछ । लुम्बिनी सांस्कृतिक बिरहा समूहका ६० वर्षीय डफला वादक राम उजागिर चमारका अनुसार यसको उत्पत्तिको कथा अध्यात्मिक छ । उनले भने, 'हाम्रा पूर्खाहरूले सुनाएअनुसार 'डफला' भगवान् शिवको डमरु र खैँझडीको विकसित स्वरूप हो । जब भगवान् शिवले ताण्डव नृत्य गर्नुभयो, त्यसकोताललाई धर्तीमा उतार्न काठ र छालाको मिश्रणबाट घेराकार 'डफला' बाजा बनाइएको हो ।'

अर्का वादक चिट्टू चमारका अनुसार आदिमकालमा खुसी व्यक्त गर्ने माध्यम खोज्दा प्रकृतिको प्रतिध्वनिलाई पछ्याउँदै काठको टोड्कामा छाला मढेर बजाउँदा यसको पहिलो आवाज निस्किएको लोकविश्वास छ तर आधुनिकताले आफ्नो पेसा नै विस्थापित गरिदिएको उनको दुःखेसो छ । सम्मरीमाई गाउँपालिका-७ बेतकुइयाँका ८० वर्षीय झगरु मुराव भन्छन्, 'नयाँ पुस्तामा आधुनिकताप्रतिको आकर्षण, वैदेशिक रोजगारीको मोह, सामाजिक सम्मानको कमी र न्यून आर्थिक लाभका कारण डफलाको ताल र यसको पुरानो वैभव सम्झनामा मात्र सीमित हुन थालेको छ ।'

लोक-संस्कृतिका जानकार एवं त्रिभुवन विश्वविद्यालयका उपप्राध्यापक डा. त्रिभुवन बरईले यो सीप निश्चित समुदायमामात्र सीमित रहनुलाई संकटको कारण बताए । उनले भने, 'आधुनिक संगीतलेभन्दा डफलाले दिने आत्मिक शान्ति र सांस्कृतिक गहिराइ विस्तारै हराउँदै गएको छ । डफलालाई संग्रहालयमामात्र सीमित हुन नदिन स्थानीय सरकारले चासो देखाएको भन्दै लुम्बिनी सांस्कृतिक नगरपालिकाकी कार्यवाहक प्रमुख कल्पना हरिजनले कलाकारलाई प्रोत्साहन भत्ता र सामाजिक सम्मान दिनु आवश्यक रहेको बताइन् ।

पेसागत पुस्तान्तरण नहुँदा यो कला लोप हुने अवस्थामा पुगेको भन्दै उनले सामूहिक डफला बादन प्रतियोगितालाई बढावा दिने बताइन् । त्यस्तै, लुम्बिनी प्रदेशसभा सदस्य तथा पूर्वमन्त्री वसीउद्दीन खाँले 'डफला' लाई विद्यालयको पाठ्यक्रममा समावेश गर्नुपर्नेमा जोड दिए । उनले भने, 'यो सीपलाई जातीय घेराभन्दा बाहिर ल्याएर इच्छुक जो कोहीलाई पनि तालिम दिने व्यवस्था मिलाउनुपर्छ । राज्य र समुदाय दुवैले यसको संरक्षणमा सक्रियता नदेखाए डफलाको इतिहास किताबका पानामामात्र सीमित हुने छ ।' *रासस*

मनाङमा हिउँचितुवा सर्वेक्षण

# डिस्याङ, नारफु र तिलिचो आसपासका क्षेत्र बासस्थान



**मनाङ–** हिमाली पारिस्थितिकीय प्रणालीको सूचक मानिएको लोपोन्मुख हिउँचितुवाको तथ्यांक संकलन गर्ने उद्देश्यले यहाँ हिउँचितुवा सर्वेक्षण जारी छ । राष्ट्रिय प्रकृति कोष (एनटिएनसी) र अन्नपूर्ण संरक्षण क्षेत्र परियोजना (एक्याप)ले संयुक्तरूपमा मनाङ क्षेत्रमा विज्ञसहित क्यामरा ट्र्यापिङबाट हिउँचितुवाको अवस्था, गणना र वन्यजन्तुको अनुगमन गरिने भएको हो ।

अन्नपूर्ण संरक्षण क्षेत्रभित्र पर्ने दुर्लभ तथा संकटग्रस्त वन्यजन्तु हिउँचितुवाको अवस्था बुझ्न सर्वेक्षण गरिएको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना एकाइका प्रमुख ढकबहादुर भुजेलले जानकारी दिए । अन्नपूर्ण संरक्षण क्षेत्रअन्तर्गत पर्ने नारफु, डिस्याङ, खाङ्सार, तिलिचो, गुम्साङ, भिमथाङ आसपासका उच्च हिमाली भूभागमा गरिएको सर्वेक्षणले मनाङ हिउँचितुवाको सम्भावित प्रमुख बासस्थानमध्ये एक रहेको विज्ञले पुष्टि गरेको उनले बताए ।

'हिउँचितुवा हिमाली पारिस्थितिकीय प्रणालीको सूचक प्रजाति हो । यसको उपस्थिति सुरक्षित छ भने उक्त क्षेत्रको सम्पूर्ण पारिस्थितिकीय प्रणाली सन्तुलन पनि राम्रो अवस्थामा रहेको मानिन्छ,' प्रमुख भुजेलले भने । मनाङको डिस्याङ, नारफु र तिलिचो आसपासका क्षेत्र हिउँचितुवाको सम्भावित बासस्थानका रूपमा पहिचान गरिएको उनले बताए । उनका अनुसार क्यामरा ट्र्याप, पदचिह्न, मल (स्क्याट) संकलन र स्थानीय गोठालाको अनुभवका आधारमा सर्वेक्षणका लागि क्यामरा जडान गरिएको छ ।

सर्वेक्षणमा संलग्न वन्यजन्तु तथा वातावरणविज्ञका अनुसार हिउँचितुवाको संरक्षण केवल एउटा वन्यजन्तु जोगाउने विषयमात्र नभई सम्पूर्ण हिमाली पारिस्थितिकीय प्रणाली, स्थानीय जीविकोपार्जन र भविष्यको पर्यटनसँग प्रत्यक्ष जोडिएको विषय हो । समुद्री सतहबाट करिब तीन हजार २०० मिटरदेखि पाँच हजार २०० मिटरभन्दा बढी उचाइका मनाङ डिस्याङ उपत्यका, भीमथाङ उपत्यका र नारफु उपत्यकालाई तीन क्षेत्रमा विभाजन गरी अध्ययन गरिरहेको भुजेलले बताए ।

यी क्षेत्रमा अल्पाइन घाँसेमैदान, शंकुधारी वन प्याच, सुक्खा नदीक्षेत्र, रिजलाइन र जनावरका बाटो समावेश गरिएका छन् । हिउँचितुवा र तिनीहरूको सिकारका लागि प्रमुख बासस्थान हुन् । यस क्षेत्रमा कूल १२९ क्यामरा जडान गरिएको उनले बताए । मनाङको डिस्याङ उपत्यकामा ५७, भीमथाङ उपत्यकामा २९ र नारफु उपत्यकामा ४३ क्यामरा जडान गरिएको छ । क्यामराले हिमाली ब्वाँसाको अध्ययन गर्ने एक अन्तरर्ाष्ट्रिय अनुसन्धानकर्तासँगको सहकार्यात्मक प्रयास पनि समावेश गरी सर्वेक्षण भइरहेको छ । अनुसन्धानकर्ताले २२ क्यामरा र तथ्यांक आदानप्रदान गरिरहेको एक्यापले जनाएको छ ।

'हिउँचितुवा सुरक्षित छ भने त्यसको अर्थ नाउर, झारलजस्ता सिकार प्रजाति, घाँसेमैदान र समग्र हिमाली वातावरण पनि सन्तुलित अवस्थामा छ भन्ने बुझिन्छ,' उनले भने । सन् २०२४ अक्टोबर १४ मा सुरु भएको अनुगमन अध्ययनले विगतमा हिउँचितुवा विवरण अध्ययन (छेत्री एटअल, २०१७) मा पहिचान गरेको वैज्ञानिकको रूपमा चयन गरिएका ग्रिड कोषलाई भीमथाङ उपत्यकासहित अन्नपूर्ण-मनास्लु क्षेत्र प्रमुख हिउँचितुवा समेटेको छ ।

यस अध्ययनका लागि राष्ट्रिय प्रकृति संरक्षण कोष र एक्यापले मनाङ ब्लकलाई १४ ग्रिड कोषमा विभाजन गरी प्रत्येकको मापन ५५ वर्ग किलोमिटर रहेको जनाएको छ । निष्पक्ष र व्यवस्थित तथ्यांक संकलन सुनिश्चित गर्न प्रत्येक ग्रिडभित्र अनियमितरूपमा क्यामरा ट्र्यापिङका लागि जडान गरिएको छ ।

मानव बस्ती र पूर्वाधारबाट टाढा जनावरका बाटो, रिजलाइन, वनक्षेत्र, पानीका स्रोत र ज्ञात वा शंकास्पद सिकारस्थलमा क्यामरा ट्र्यापिङ गरिएको एक्यापले जनाएको छ । हिउँचितुवाको संख्या अनुमान र पारिस्थितिकीय प्रणालीको विश्लेषणलाई समर्थन गर्न प्रत्येक ग्रिड सेलभित्र सिकार प्रजातिको तथ्यांक रेकर्ड गरिरहेका छन् । क्यामरा, ब्याट्री, मेमोरी कार्ड, पञ्जा, सिलिका जेल, स्क्याट संकलन टचुब र तथ्यांक रेकर्डिङ फारामलगायतका उपकरण जडान गरिएको छ ।

भुजेलले भने, 'प्रारम्भिक सर्वेक्षणले यस क्षेत्रमा हिउँचितुवाको संख्या करिब ५० भन्दा बढी अनुमान गरेको छ । सर्वेक्षण जारी रहेकाले अन्तिम तथ्यांक आउन बाँकी छ ।' हिमाली ब्वाँसो, रातो स्याल, नीलो भेडा, कस्तुरी मृग, पहेँलो घाँटी भएको मार्टेन्स, हिमाली सेरो, घोरल र चितुवा बिरालोजस्ता विविध वन्यजन्तु प्रजातिको जडान गरेको क्यामराले रेकर्ड गरेको सर्वेक्षणकर्ताले जनाएको उनले जानकारी दिए । जसले स्वस्थ र सन्तुलित पहाडी पारिस्थितिक प्रणालीलाई प्रतिविम्बित गरेको छ ।

क्यामरा ट्र्यापिङ, स्क्याट सर्वेक्षण र सिकार मूल्यांकनमार्फत संकलन गरिएको तथ्यांकले मानव वन्यजन्तु द्वन्द्व हटस्पट पहिचान गर्न महत्त्वपूर्ण भूमिका रहने अपेक्षा गरिएको छ । यसमा सुधारिएको पशुपालन अभ्यास, सिकार न्यूनीकरण, मौसमी चरन व्यवस्थापन र सहअस्तित्वमा केन्द्रित सामुदायिक जागरूकताजस्ता कार्यक्रमले नागरिकमा सचेतना फैलिएको छ । जसले हिउँचितुवाको संरक्षणमा टेवा पुगेकाले संख्या बढ्न सक्ने सर्वेक्षणकर्ताले अनुमान गरेको एक्यापले जनाएको छ ।

एनआरसिए, एनटिएनसी एक्याप मनाङका प्रकाश अधिकारी, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका संरक्षण अधिकृत गोपाल खनाल, एनटिएनसी एक्याप मनाङका ओमबहादुर गुरुङ, ज्ञानबहादुर गुरुङ, यामबहादुर गुरुङ र भक्तसिं गुरुङको सहयोगमा सर्वेक्षण भइरहेको जनाइएको छ । *रासस*

# चिसो बढेपछि बालबालिका र वृद्धवृद्धा प्रभावित

**उदयपुर (प्रस)**– शीतलहरसँगै अत्यधिक चिसोबाट जिल्लाको त्रियुगा नगरपालिकासहित आपपासका वृद्धवृद्धा र बालबालिका प्रभावित भएका छन् ।

त्रियुगाको जोगीदह, मोथ्याई, बगाहा, गाईघाट, लक्ष्मीपुर क्षेत्रका वृद्धवृद्धा बालबालिका समस्यामा परेका लक्ष्मीपुरका स्थानीयवासी देवलाल चौधरीले बताए । जोगीदह हाडखोलाका कृष्णदेव चौधरी भन्छन्, 'तीन दिनदेखि लगातार शीतलहर चलिरहेको छ, गाउँघरका बूढापाका सबै घर बाहिर निस्कन सकेका छैनन्, घरमै घुर तापेर बस्नु परेको छ ।'

उनका अनुसार चिसो बढेका कारण आफूहरू पनि खेतबारी, वनजंगल घाँसदाउरा गर्नसमेत नसकिएको कारण गाईवस्तुलाई घाँस समस्या परेको छ । चिसोको कारण विद्यालय जाने साना नानीहरू विद्यालय जान नसकेका मोथ्याईका रामकृष्ण राजधामीले बताए ।

सत्यदेवी मावि भुल्केकी शिक्षिका सम्झना आचार्यका अनुसार चिसो बढेसँगै विद्यालयमा कक्षा ५ भन्दा मुनिका नानीहरूको उपस्थिति न्यून हुँदै गएको छ । यस्तै चिसोको कारण साना कक्षा १ २, ३ मा अध्ययनरत बालबालिका विद्यालय उपस्थित हुन छाडेका कारण साना कक्षामा विद्यार्थी उपस्थिति हुन छाडेको जनता आधारभूत विद्यालय असारीका शिक्षक कृष्ण दनुवारले बताए ।

चिसोको कारण मानिसको आवतजावतमा कमी भएको छ भने जंगल घाँसदाउरा जाने कार्य पनि प्रभावित भएको छ । घामसमेत देख्न नपाइएको त्रियुगा नगरपालिका-२ खैजनपुरका स्थानीय रमेश कार्कीले गुनासो गरे ।


**के.आई.सिंह गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**वायल, डोटी**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मितिः २०८२/०९/१४**

यस गाउपालिकाको मिति २०८२/०८/२१ गते सार्वजनिक खरिद अनुगमन कार्यलयको e-GP Portal (www.bolpatra.gov.np/egp) मा प्रकाशित सार्वजनिक सुचना अनुसार E-Bid द्वारा प्राप्त भएका बोलपत्रहरु मध्ये सारभूतस्र्पमा प्रभावकारी देखिएको तपसिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र छनोट गर्ने बोलपत्र मूल्यांकन समितिबाट निर्णय भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ उपदफा (२) को प्रयोजनाथ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.न. | ठेक्का विवरण | विवरण | बोलपत्र स्वीकृत आशय दिइएको बोलपत्रदाता | कबोल अंक (भ्याट सहित) |
|---|---|---|---|---|
| 1 | 02/SQ/GOODS/KISRUM/2082/083 | Procurement and Supply of Electrical Related Goods | स्पाली ट्रेडर्स एण्ड सप्लायर्स, कन्चनपुर | १३,७२,२९३।४७ |

**प्रमुख प्रशासकीय अधिकृत**



**Road Division Baitadi**

**Notice of Intention to Award Contract**

**Date of Publication: 2082/09/14**

Road Division Baitadi hereby notifies and intends to award the following listed contracts and publish this notice to all concerned bidders regarding our Bid Notices No. IFB-2082/83-07, (Published on Himalaya Times National Daily dated 2082-08-04) in accordance with ITB Clause 39 and Public Procurement Act 2063 Clause 27.2, 27.3 and for the purpose of clause 47.

| S. N. | Contract No. | Name and Address of Bidder | Total Bid Amount including VAT & PS (NRs) |
|---|---|---|---|
| 1 | RDBTD/337310113/2082/83-27 | M/S G.R. Construction, Bungal-6, Bajhang | 90,90,547.21 |
| 2 | RDBTD/337310113/2082/83-28 | M/S Dayalu Bubu Nirman Sewa, Darchula | 56,06,417.69 |
| 3 | RDBTD/337310113/2082/83-29 | M/S Ransaini Nirman Sewa, DCM-8, Baitadi | 21,75,928.55 |
| 4 | RDBTD/337310113/2082/83-30 | M/S A.B.B. Construction, Purchaudi-02, Baitadi | 23,39,416.10 |

**Division Chief**

# प्रभाव दैनिक

**सोमबार, १४ पुस २०८२** (Monday, 29 December 2025)





## डा. शाक्यको 'मेरो गीतभित्र' बजारमा

राष्ट्रिय सभा सदस्य एवं स्रष्टा डा. अञ्जान शाक्यको म्युजिक भिडियो 'मेरो गीतभित्र' बजारमा आएको छ । 'शिरीष,' 'रोज,' 'बहार,' 'श्रध्द्रापुष्प' 'अञ्जानपथ' जस्ता एकल एल्बम र अन्य एक दर्जन 'कलेक्सन एल्बम'मा गीत गाएकी शाक्यले करिब २२ वर्षपछि यो नयाँ म्युजिक भिडियोसहितको गीत ल्याएकी हुन् । इजरायलका लागि पूर्वनेपाली राजदूत डा. शाक्यले इञ्जिनियर सञ्जय शाक्यको शब्द रचनामा 'मेरो गीतभित्र' रेकर्ड गराएकी हुन् । यसमा हरिशरण सायमीले 'म्युजिक एरेञ्ज' गरेका छन् । कलाकार सरोज खनाल र पूर्वमिस नेपाल उषा खड्गीको अभिनय रहेको गीतमा डा. शाक्यको स्वर रहेको छ ।




# सिद्धार्थ आर्ट ग्यालरीमा 'मिथिला कसमस ७: जर्नी अफ अ पिलग्रिम'

**काठमाडौं (प्रस)–** मधेस प्रदेशमा पुस्तान्तरण हुँदै आएको प्राचीन मिथिला कलालाई आधुनिकताको जलप दिएर चित्रकार एससी सुमनले बबरमहलस्थित सिद्धार्थ आर्ट ग्यालरीमा 'मिथिला कसमस ७: जर्नी अफ अ पिलग्रिम' शीर्षकमा आफ्नो एकल कल प्रदर्शनी गरिरहेका छन् ।

'तीर्थयात्रीको यात्रा' मा आधारित रहेर सिर्जित उक्त प्रदर्शनीमा राखिएका चित्रहरूमा संस्कृति, रङ र नारीवादको सुन्दर संयोजन पाइन्छ । चित्रकार सुमन भन्छन्, 'हाम्रो संस्कृतिलाई जोगाएर नयाँ पुस्तासम्म पुऱ्याउन महिलाहरूको भूमिका महत्त्वपूर्ण छ, मेरा चित्रहरूमा त्यही पाइन्छ । जहाँ संस्कृति, जीवनी, देशको अवस्था सबैलाई चित्रण गर्ने कोसिस गरेको छु ।' उनले यस संस्करणमार्फत कलाको विकासलाई सांस्कृतिक स्मृति र पौराणिक कथाहरूसँग जोडेका छन् । कलामा विविधता र आध्यात्मिकता प्रदर्शनीको सातौं संस्करणमा उनले आफ्नो भौतिक र आध्यात्मिक तीर्थयात्राका अनुभवहरूलाई क्यानभासमा उतारेका छन् । 'म प्रविधिको सहयोग त लिन्छु तर त्यसमै निर्भर भएर चित्र बनाउँदिन । म चित्र कोर्नु अगाडि त्यसलाई राम्रोसँग बुझ्छु, हेर्छु र त्यसलाई मस्तिष्कमा संग्रण गर्छु । त्यसपछि म त्यसलाई चित्रमा ल्याउँछु,' उनले भने । प्रदर्शनीमा राखिएको पशुपतिनाथको चित्र कोर्दा आफू दुईपटक त्यहाँ पुगेको उनले सुनाए ।



प्रदर्शनीमा स्वयम्भू, पशुपति, भगवान् गणेश, कृष्ण र रामसीता विवाहका प्रसंगहरूसँगै शारदीय नवरात्रमा गरिने 'नवदुर्गा' पूजाका चित्र पनि समावेश छन् । 'मैले नवरात्र सुरू हुँदा चित्रकोर्न सुरू गरेको थिएँ, दशौं दिनसम्म आइपुग्दा मैले त्यसलाई पूर्णता दिन सके । मेरो उद्देश्य काठमाडौं उपत्यका, मधेस र अन्य क्षेत्रका संस्कृतिलाई एउटै क्यानभासमा समेट्नु हो ।

# पुस १६ देखि मञ्चन हुँदै नाटक 'भट्टी टेल्स'

**काठमाडौं (प्रस)–** जेम्स ढकालको लेखन र निर्देशनमा 'भट्टी टेल्स' नामक नाटक यही पुस १६ गतेदेखि सुकेधारास्थित अस्कर इन्टर नेसनल कलेजको साधना घरमा मञ्चन हुने भएको छ । हाल नाटकको प्रशिक्षण चलिरहेको निर्देशक ढकालले बताए । उनका अनुसार भट्टीलाई केन्द्रमा राखेर त्यहाँ हुने अनेकन कथा र परिदृश्यलाई नाटकमा कथाका रूपमा प्रस्तुत गर्न लागिएको छ ।

निर्देशक ढकालले विभिन्न आचरणका १३ जना पात्र नाटकमा समेटेको बताए । 'भट्टीलाई हाम्रो समाजले नकरात्मक दृष्टिले हेर्छ, तर, यहाँ आउने केही पात्रहरूका आफ्नै रोचक जीवनगाथा छन्,' उनले भने, 'नाटक रमाइलोसँगै सन्देशमूलक बनाउन खोजेको छु ।'

नाटकमा कलाकारहरू सुदाम सिके, रूपेश लामा, बेदना राई, प्रकृति कार्की, ऋषिकेश बस्याल, तुफान थापा, माइकल महत, शुभम् गणेश, सुब्रत राज सिलवाल, गुड्डु, प्राञ्जल पाण्डे, थार्चेन लामा, सुदीप एटीले अभियन गर्ने छन् ।

ढकाल अस्कर कलेजका १४औं ब्याचका विद्यार्थी हुन् । उनले प्ले द सिस्टम, गिल्टी अर नट गिल्टीलगायत नाटकमा अभिनयसमेत गरेका छन् । नाटक तयार पार्न कथा घेराको पनि सहयोग गरेको निर्देशक ढकालले सुनाए । यही पुस १६ गतेदेखि सुरु हुने नाटक मंगलबारबाहेक आगामी माघ ३ गतेसम्म मञ्चन हुने छ ।

## रंगशाला

# एनएसजेएफ पल्सर स्पोर्ट्स अवार्ड यसै महिनामा




**■ प्रभाव संवाददाता**

**काठमाडौं–** जेन-जी आन्दोलनका कारण स्थगित भएको एनएसजेएफ पल्सर स्पोर्ट्स अवार्डको २२औं संस्करण यसै महिना पोखरामा आयोजना हुने भएको छ ।

नेपाल खेलकुद पत्रकार मञ्च (एनएसजेएफ)द्वारा आइतबार यहाँ आयोजित पत्रकार सम्मेलनमा मञ्चका अध्यक्ष निरञ्जन अधिकारीले गत भदौ २९ गते हुने भनिएको अवार्ड कार्यक्रम यही पुस २३ गते आयोजना हुन लागेको जानकारी दिए ।

आइतबारदेखि पिपल्स च्वाइसको रोकिएको डिजिटल भोटिङ प्रक्रिया पनि खुला गरिएको सो अवसरमा जानकारी दिइयो । मञ्चका महासचिव अञ्जन खड्काले भने, 'विगतमा पिपल्स च्वाइसको मनोनयन रहेका खेलाडीले जति भोट प्राप्त गरेका थिए । त्यहीँबाट भोटिङ प्रक्रिया सुरु हुने छ ।' उक्त विधामा उसुका विजय सिञ्जाली, क्रिकेटकी पूजा महतो, भलिबलका हिमाल सुनारी, फुटबलकी रेखा पौडेल र टेबलटेनिसकी इभाना थापा रहेका छन् ।

स्पोर्ट्स अवार्ड पोखरास्थित पोखरा सभागृहमा हुने छ । त्यसको अघिल्लो दिन पुस २२ गते पोखरामा एनएसजेएफ स्पोर्टस् समिट पनि हुने आयोजकले जनाएको छ । मञ्चका अध्यक्ष अधिकारीले अवार्डलाई चलायनमान बनाउन स्पोर्ट्स समिट हुने र त्यसमा पोखराको पर्यटन र खेलकुद अर्थतन्त्रबारे बहस हुने बताए ।

एनएसजेएफ पल्सर स्पोर्ट्स अवार्ड २०८१ मा विभिन्न १० विधामा अवार्ड प्रदान गरिने छ । त्यसमा वर्षको उत्कृष्ट खेलाडी पुरुष, वर्षका उत्कृष्ट खेलाडी महिला, वर्षका उत्कृष्ट खेलाडी युवा, वर्ष प्रशिक्षक, पिपल्स च्वाइस अवार्ड, पारा एथलिट सम्मान, स्पेसल अवार्ड, लाइफटाइम एचिभमेन्ट अवार्ड, एसियन स्पोर्ट्स जर्नालिस्ट अवार्ड र टिम अफ द इयर रहेको छ ।

वर्ष खेलाडी पुरुष, महिला, पिपल्स च्वाइस, प्रशिक्षक र युवा गरी पाँच विधाका विजेतालाई बजाज पल्सर मोटरसाइकल प्रदान गरिने छ । अन्य विधाका विजेतालाई जनही एक लाख रूपैयाँ प्रदान गरिने छ ।

# एनपिएल ट्रफीसहितको टोलीलाई सम्मान

**गुल्मी (प्रस)–** नेपाल प्रिमियर लिग (एनपिएल) दोस्रो संस्करणको विजेता लुम्बिनी लायन्सको ट्रफी लिएर गुल्मी आइपुगेको टोलीलाई आइतबार यहाँ सम्मान गरिएको छ ।

रेसुंगा नगरपालिकाद्वारा धार्मिक तथा पर्यटकीयस्थल रेसुंगाको यज्ञशालामा ट्रफी प्रदर्शनसहित सम्मान गरिएको हो । ट्रफी प्रदर्शन कार्यक्रममा लुम्बिनी प्रदेशबाट प्रतिनिधित्व गर्ने लुम्बिनी लायन्सको एनपिएल ट्रफी प्राप्त गर्न सफल टोलीलाई रेसुंगा नगरपालिकाका प्रमुख खिलध्वज पन्थी, प्रमुख प्रशासकीय अधिकृत बाबुराम पल्लीसहितका जनप्रतिनिधिको सहभागिता रहेको थियो । ट्रफी प्रदर्शनस्थलमा रेसुंगा माध्यमिक विद्यालयका विद्यार्थीले पञ्चेबाजासहित रेसुंगाको यज्ञशाला परिसर क्षेत्रमा बाजागाजासहित विजेता टोलीलाई स्वागत गरेका थिए ।

ट्रफीसहित गुल्मी आइपुगेको लुम्बिनी लायन्स टोलीमा गुल्मीका खेलाडी तिलकराज भण्डारीको उपस्थिति रहेको थियो । उक्त ट्रफी प्रदर्शन कार्यक्रममा रेसुंगा नगरपालिका प्रमुख पन्थीले नगर स्थापना दिवसका अवसरमा खेलाडी भण्डारीलाई २५ हजार रूपैयाँसहित सम्मान गर्ने घोषणा गरे ।

सो अवसरमा खेलाडी भण्डारीले गुल्मी जिल्लासँग जोडिएर क्रिकेट खेल्ने अवसर पाउनु आफैंमा गर्वको विषय भएको बताए । रेसुंगा नगरपालिका प्रमुख पन्थीले पछिल्लो समयमा नागरिकमा खेलप्रति आकर्षण बढ्दै गएको भन्दै खेलाडीको मेहनतमा ऊर्जा भर्न खेलकुद क्षेत्रको विकासमा कुनै कञ्जुस्याइ गर्न नहुने बताए । ट्रफी बोकेर गुल्मी आइपुगेको लुम्बिनी लायन्सको टोली रेसुंगाको यज्ञशाला, सदरमुकाम तम्घासहुँदै छत्रकोट र रुरुक्षेत्रमा ट्रफी प्रदर्शन गरी पाल्पा फर्किसकेको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मितिः २०७२/०९/१३ मा दर्ता भएको प्रा.लि.नं. १४३०७० को **टोखा एस. पि. एस. ट्रेडर्स प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०९/१३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८२/०९/१४ गते**

यस कम्पनीको मिति २०८२/०५/१६ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **बिर बेताल एग्रो फरेष्टी प्रा. लि.**को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०५/३० गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **अनायरा ड्रेस एण्ड प्रिन्ट हाउस (प्रा.लि.नं. २२९१८८)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८२/०९/१४ गते**

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८१/०३/३०मा स्वीकृति प्राप्त भई साविक **गुरो इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. (प्रा.लि.नं. २९८५४०)** को नाम रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको **गुरो इन्जिनियरिङ्ग ग्रुप प्रा.लि.** अंग्रेजीमा **Guro Engineering Group Pvt. Ltd.** ले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गरिन्छ ।

**ध्रुव कृषि फार्म लि.**

**प्रथम वार्षिक साधारण सभाको सूचना**

**सूचना प्रकाशित मितिः २०८२/०९/१४**

यस ध्रुव कृषि फार्म लिमिटेडको सञ्चालक समितिको मिति २०८२/०९/०६ को निर्णय बमोजिम कम्पनीको प्रथम वार्षिक साधारण सभा निम्न विषयहरु उपर छलफल गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएको हुँदा यस कम्पनीका सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवं सभामा यहाँ स्वयं वा यहाँको आधिकारिक प्रतिनिधिको समुपस्थितिको लागि कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा २ को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**वार्षिक साधारण सभा हुने मिति, समय र स्थान:**
मितिः २०८२/०९/२७ गते
स्थानः कम्पनीकै रजिष्टर्ड कार्यालय, सर्लाही जिल्ला बागमती न.पा. वडा नं. १०
समयः बिहान ११:०० बजे ।

**छलफलका विषयहरू**

**(क) साधारण प्रस्तावहरू:**
१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूको आ.व. ०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।
२. लेखा परिक्षकको प्रतिवेदन सहितको आ.व. ०८१/०८२ को वासलात, नाफा नोक्सान, हिसाब र नगद प्रवाह विवरण माथि छलफल गरि पारित गर्ने ।
३. आ. व. २०८२/०८३ को लागि लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने
४. संचालक समितिले ०८१/०८२ मा गरेका निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा ।
५. संचालक समितिको गठन गर्ने सम्बन्धमा ।
७. विविध ।

**(ख) विशेष प्रस्तावहरू:**
१. स्वतन्त्र संचालक आव्हान गर्ने बारे ।
२. कम्पनी सचिवको नियुक्ति गर्ने बारे ।
३. कम्पनीको कानूनी सल्लाहकार नियुक्ती गर्ने बारे ।

**(ग) विविध प्रस्तावहरू:**

**प्रथम वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी**

(क) वार्षिक साधारण सभाको सूचना तथा संक्षिप्त प्रतिवेदन प्रत्येक शेयरधनीको उपलब्ध ठेगानामा हुलाक-कुरिएर-ईमेल-मेसेन्जर मार्फत् पठाईने छ । वार्षिक साधारण सभा सम्बन्धी कुनै जानकारी आवश्यक भएमा कम्पनीको रजिष्टर्ड कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।
(ख) साधारण सभामा उपस्थित हुँदा प्रवेशपत्र वा शेयर प्रमाणपत्र लिई उपस्थित हुन अनुरोध गरिन्छ ।
(ग) शेयरधनी महानुभावहरुको उपस्थिति पुस्तिकामा दस्तखत गर्न शेयरधनी पुस्तिका बिहान १)स३) बजे देखि खुल्ला गरिनेछ ।
(घ) साधारण सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रतिनिधि पत्र (प्रोक्सी) फारम भरी सभा शुरू हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको सम्पर्क कार्यालय, सर्लाही जिल्ला बागमती न.पा. वडा नं. १० मा दर्ता गराई सक्नु पर्ने छ ।
(ङ) विविध

**सञ्चालक समितिको आज्ञाले**
**प्रबन्ध संचालक**

**साउदीमा रोजगार** कम्पनी : SALEM AHMED BIN RAEES AL RASHIDI GENERAL CONTRACTING ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/०९/११ | LT. No. 335988 | चलानी नं. ६०२४९६८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker/ Helper | 3 | 0 | 1000 | ३८,३३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : JAB ALARABIYA COMPANY FOR TRADING

पूर्व स्वीकृति मिति : २०८२/०९/११ | LT. No. 335907 | चलानी नं. ६०२४९६८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Water Proofing Worker | 5 | 0 | 1000 | ३८,३३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस २१ गते (6th Jan. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

**साउदीमा रोजगार** कम्पनी : GULF BRIGHTNESS GENERAL CONTRACTING EST

पूर्व स्वीकृति मिति : २०८२/०९/११ | LT. No. 336011 | चलानी नं. ६०२४९६७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Cleaner /helper | 1 | 0 | 1300 | ४९,८३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Helper | 9 | 0 | 1300 | ४९,८३२ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस २१ गते (5th Jan. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**SECURE NEPAL JOB PLACEMENT PVT . LTD**
श्रम ईजाजत नं. १६४८/०८०/०८१
Sinamangal-09, Tarahall chowk, Kathmandu, Nepal, Tel : 015919873, 015917974, Mob: 9851014874
E-mail: info@securenepaljobs.com, Website : www.securenepaljobs.com

**युएइमा रोजगार** कम्पनी : ALSARH RECRUITMENT SOLE PROPRIETORSHIP L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०९/११ | LT. No. 335925 | चलानी नं. ६०२४९७४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labour | 200 | 0 | 1000 | ३९,१४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस २१ गते (5th Jan. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Govt. License 1657/080/81
**AL ZAHRA HUMAN RESOURCES CONSULTANCY PRIVATE LIMITED**
New Baneshwor-10, Thapagaun, Kathmandu, Landline No : 01-4586367, 4586366,
Mob: 9810003423/970-4414954, E-mail : alzahranepal@gmail.com, URL : www.alzahrahr.com

**कतारमा रोजगार** कम्पनी : MTM HMLAYA

पूर्व स्वीकृति मिति : २०८२/०४/१५ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०९/१३ | LT. No. 328296 | चलानी नं. ६०२४२१२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 3 | 0 | 1500 | ५९,१५५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 1 | 0 | 1400 | ५५,२१५ | | | | | | | |
| 3 | Waiter | 3 | 0 | 1400 | ५५,२१५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस २१ गते (5th Jan. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**INTERNATIONAL TRADE LINKS RECRUITMENT PVT. LTD.**
(The Centre Overseas Pvt. Ltd.(THE CENTER OVERSEAS CONCERN PVT.LTD))
श्रम ईजाजत नं. ०८५/०५३/०५४
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806

**साउदीमा रोजगार** कम्पनी : ABDULLAH A AL BARRAK & SONS CO

पूर्व स्वीकृति मिति : २०८२/०७/०९ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०९/१३ | LT. No. 332826 | चलानी नं. ६०२४६४९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading & unloading workers | 30 | 0 | 1000 | ३८,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस २२ गते (6th Jan. 2026) मा हुनेछ ।**
**सुनसरी, इटहरी, सुनसरी ट्रेनिङ सेन्टरमा मिति: २०८२ पुस २३ गते (7th Jan. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**YUSHO GLOBAL PVT. LTD.** श्रम ईजाजत नं. ११८२/०७३/७४
Pinglasthan-9, Gausala, Kathmandu, Nepal,Tel: +014489104, 014488104

**साउदीमा रोजगार** कम्पनी : DAN FAMILY BARBECUE EST.

पूर्व स्वीकृति मिति : २०८२/०९/१३ | LT. No. 336129 | चलानी नं. ६०२४९७४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 336129 | 1 | 0 | 1500 | ५७,४९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : PERFECT WASH EST FOR CAR SERVICE

पूर्व स्वीकृति मिति : २०८२/०९/१३ | LT. No. 336179 | चलानी नं. ६०२४९७४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | car washer/cleaner/polisher | 3 | 0 | 1200 | ४६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस २१ गते (5th Jan. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**Target Consultant Human Resources Pvt. Ltd.**
श्रम ईजाजत नं. ८३३/०६६/०६७
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



भारतको चेन्नईस्थित मरिना समुद्र तटमा बिहान सबेरै हाते पम्पबाट पानी निकाल्दै एक महिला । *तस्बिरः एएफपी*

# भारतीय प्रतिशोधले पाकिस्तानको नेतृत्व त्रसित

**इस्लामाबाद–** अप्रिल २२ मा जम्मू-काश्मीरको पहलगाममा भएको आतंकवादी आक्रमणपछि भारतले पाकिस्तानविरुद्ध गरेको द्रुत र सटिक प्रतिशोधी कारबाहीले पाकिस्तानलाई सैन्यरूपमा मात्र नभई राजनीतिक र नेतृत्व तहसम्म गहिरो रूपमा हल्लाएको छ । उक्त कारबाहीका कारण शीर्ष नेतृत्वमासमेत डर पैदा भएको स्वीकार गर्दै पाकिस्तानका राष्ट्रपति आसिफ अली जरदारीले मे महिनामा उत्पन्न तनावका बेला आफूलाई बंकरमा शरण लिन सल्लाह दिइएको खुलासा गरेका छन् ।

शनिबार आयोजित एक कार्यक्रममा उनले मे महिनामा नयाँदिल्लीले गरेको जवाफी आक्रमणका क्रममा आफ्नो सैन्य सचिवले उनलाई तत्काल सुरक्षाका लागि बंकरमा जान आग्रह गरेको जानकारी दिए ।



उनका अनुसार भारतीय सैन्य कारबाहीका कारण पाकिस्तानको शीर्ष नेतृत्व तीव्र दबाब र भयको अवस्थामा पुगेको थियो । मे महिनामा भएको उक्त सैन्य वृद्धि भारतको 'अपरेसन सिन्दूर' का रूपमा चिनिन्छ । यो अपरेसन अप्रिल २२ मा पहलगाममा भएको आतंकवादी हमलाको प्रत्यक्ष जवाफ थियो, जसमा २६ जना निर्दोष सर्वसाधारणको ज्यान गएको थियो । त्यसपछि भारतले पाकिस्तान र पाकिस्तानको कब्जामा रहेको जम्मू-काश्मीर (पिओजेके) भित्र रहेका नौवटा आतंकवादी शिविरलाई लक्षित गर्दै सशस्त्र कारबाही गरेको थियो । उक्त अपरेसनअन्तर्गत भारतीय सशस्त्र बलले मे महिनामा पाकिस्तानी सैन्य प्रतिष्ठानहरूमा रणनीतिक र सटिक आक्रमण गरेको बताइएको छ ।

राष्ट्रपति जरदारीले सैन्यसचिवको चेतावनीका बाबजुद आफूले बंकरमा प्रवेश गर्न अस्वीकार गरेको स्पष्ट गरे । उनले भने, 'मेरो एमएस (सैन्य सचिव) मसँग आएर भने, 'सर, युद्ध सुरु भइसकेको छ ।' मैले त चार दिनअघि नै युद्धको सम्भावनाबारे जानकारी दिएको थिएँ । तर उनले फेरि भने, 'सर, बंकरमा जानुहोस् ।' त्यसपछि मैले भनेँ, 'यदि शहादत आउनु छ भने, त्यो यहीँ आउने छ । नेताहरू बंकरमा मर्दैनन्, उनीहरू युद्धभूमिमा मर्छन् ।'

भारतीय सशस्त्र बलले अप्रिल २२ को पहलगाम आतंकवादी हमलाको जवाफस्वरूप मे ७ को बिहान औपचारिकरूपमा अपरेसन सिन्दूर सुरु गरेको थियो । यसपछि भारत र पाकिस्तानबीचको द्वन्द्व थप गहिरिँदै गएको थियो । त्यस क्रममा पाकिस्तानतर्फबाट सीमापार गोलाबारी बढेको र भारतीय सशस्त्र बलले त्यसको कडा जवाफ दिएको विवरण सार्वजनिक भएका थिए ।

युद्धको स्थिति चर्किंदै गएपछि घटनाक्रमले एक्कासि नयाँ मोड लियो । पाकिस्तानका सैन्य अपरेसनका महानिर्देशक (डिजिएमओ) ले भारतका डिजिएमओसँग सम्पर्क गर्दै युद्धविरामको प्रस्ताव राखेका थिए, जसलाई भारतले स्वीकार गरेको बताइएको छ । पाकिस्तानी पक्षबाट आएको उक्त सम्पर्कको पुष्टि भारतका विदेश सचिव विक्रम मिस्रीले पनि गरेका छन् । उनका अनुसार दुवै देश भूमि, समुद्र र हावामा सबै प्रकारका सैन्य कारबाही रोक्न सहमत भएका थिए । *रासस⁄एएनआई*

# म्यान्मामा सेनाले सत्ता कब्जा गरेपछि पहिलोपटक निर्वाचन



**यांगुन–** म्यान्मामा सेनाले सन् २०२१ मा सत्ता कब्जा गरेपछि पहिलोपटक आयोजना गरिएको आमनिर्वाचनको प्रारम्भिक चरणअन्तर्गत आइतबार मतदान सुरु भएको छ । तर देशका धेरै भागमा गृहयुद्ध जारी रहेकाले यो निर्वाचन सुरुदेखि नै विवादको घेरामा परेको छ ।

तीन चरणमा हुने यो निर्वाचनको अन्तिम परिणाम जनवरीमा थप दुई चरणको मतदान सम्पन्न भएपछि मात्र स्पष्ट हुने छ । पहिलो चरणमा देशका ३३० मध्ये १०२ स्थानमा मतदान भइरहेको छ । दोस्रो चरण जनवरी ११ र तेस्रो चरण जनवरी २५ मा हुने तय भएको छ । निर्वाचनको अन्तिम नतिजा फेब्रुअरीसम्म सार्वजनिक हुने अपेक्षा गरिएको छ ।

सत्ता कब्जापछि निरंकुश शासन चलाउँदै आएका वरिष्ठ जनरल मिन आङ ह्लाइङले निर्वाचनपछि राष्ट्रपति पद सम्हाल्ने व्यापक अनुमान गरिएको छ । सैनिक सरकारले निर्वाचनलाई 'चुनावी लोकतन्त्रतर्फ फर्कने प्रक्रिया' का रूपमा चित्रण गरे पनि प्रमुख विपक्षी दलहरूलाई प्रतिबन्ध लगाइएको र मतदातालाई डर-धम्की दिइएको आरोपले यसको वैधानिकता कमजोर बनाएको छ ।

राष्ट्रिय तथा क्षेत्रीय विधानसभाका लागि ५७ दलबाट चार हजार ८०० भन्दा बढी उम्मेदवार प्रतिस्पर्धामा छन् । तर देशव्यापीरूपमा प्रभाव जमाउने सम्भावना भएका दलहरू सीमित छन् । सेनाको समर्थन प्राप्त युनियन सोलिडारिटी एण्ड डेभलपमेन्ट पार्टी सबैभन्दा संगठित र बलियो प्रतिस्पर्धी मानिएको छ ।

आलोचकहरूले यो निर्वाचनलाई सैन्य शासनलाई वैधानिकता दिन गरिएको 'ढोङ' भनेका छन् । फेब्रुअरी २०२१ मा निर्वाचित प्रधानमन्त्री आङ सान सुकीको सरकार अपदस्थ गरेपछि सुरु भएको सैन्य शासनलाई नागरिक शासनको आवरण दिन निर्वाचन डिजाइन गरिएको उनीहरूको आरोप छ । सन् २०२० को चुनावमा नेसनल लिग फर डेमोक्रेसीले ठूलो जित हासिल गरे पनि सुकी र उनको दललाई पुनः सत्तामा आउनबाट रोकिएको थियो ।

विपक्षी दलहरूको बहिष्कार, अभिव्यक्ति स्वतन्त्रतामाथिको कडाइ र दमनको वातावरणका कारण नतिजामा जनइच्छाको प्रतिबिम्ब नदेखिने उनीहरूको तर्क छ । संयुक्त राष्ट्रसंघका लागि म्यान्मासम्बन्धी मानव अधिकार विज्ञ टम एण्ड्रुजले सामाजिक सञ्जालमा लेख्दै भनेका छन्, 'नागरिक र राजनीतिक नेताहरूलाई जेल हाल्दै बन्दुकको डरमा गराइएको प्रक्रिया निर्वाचन होइन, नाटकमात्र हो ।'

यद्यपि, निर्वाचन आयोजनाले चीन, भारत र थाइल्याण्डजस्ता छिमेकी देशलाई सैनिक सरकारलाई समर्थन जारी राख्न कूटनीतिक बहाना दिन सक्ने विश्लेषकहरूको भनाइ छ । पश्चिमी मुलुकहरूले भने म्यान्माका जनरलहरूमाथि प्रजातन्त्रविरोधी कदम र विपक्षमाथिको दमनका कारण प्रतिबन्ध कायमै राखेका छन् ।

मतदानका दिन नागरिकहरूले मिश्रित प्रतिक्रिया दिएका छन् । यांगुनको एक मतदान केन्द्रमा मत हालेकी ५१ वर्षीया खिन मार्लरले शान्ति आउने आशामा मतदान गरेको बताइन् । लडाइँका कारण गाउँ छाड्नुपरेको उल्लेख गर्दै उनले भनिन्, 'शान्ति भएपछि गाउँ फर्कने आशाले मतदान गरिरहेकी छु ।'

तर केही मतदाताले सेनाको दबाब महसुस गरेको बताएका छन् । मोन राज्यकी एक महिलाले सैनिकहरूले बन्दुकसहित गाउँमा आएर मतदान गर्न दबाब दिएको दाबी गरिन् । मानवअधिकार समूहहरूका अनुसार यस्ता धम्कीका घटनाहरू मतदानअघि नै देखिएका थिए ।

८० वर्षीया पूर्वनेत्री आङ सान सुकी हाल २७ वर्षको जेल सजाय भोगिरहेकी छन् । उनको दल नेसनल लिग फर डेमोक्रेसी नयाँ सैन्य नियमअनुसार दर्ता गर्न अस्वीकार गरेपछि सन् २०२३ मा विघटन गरिएको थियो । अन्य धेरै दलहरूले पनि निर्वाचन बहिष्कार गरेका छन् ।

सन् २०२१ देखि हालसम्म २२ हजारभन्दा बढी व्यक्ति राजनीतिक कारणले हिरासतमा छन् भने सात हजार ६०० भन्दा बढी सर्वसाधारण सुरक्षा बलद्वारा मारिएको तथ्यांक सार्वजनिक छ । गृहयुद्धका कारण ३६ लाखभन्दा बढी नागरिक विस्थापित भएका छन् । यस्तो अवस्थामा पनि शक्ति अन्ततः जनरल मिन आङ ह्लाइङकै हातमा रहने विश्वास दुवै पक्षमा देखिन्छ । *रासस⁄एपी*

# सार्वजनिक स्वास्थ्य प्रतिरक्षण सेवामा पोर्चुगलको उल्लेखनीय प्रगति

**लिस्बन–** पोर्चुगलले आफ्नो पहिलो कोभिड-१९ खोप अभियान सुरु गरेको पाँच वर्षको अवधिमा तीन करोड २० लाखभन्दा बढी खोप मात्रा वितरण गरेको छ । शनिबार सार्वजनिक स्वास्थ्य महानिर्देशनालयले सार्वजनिक गरेको तथ्यांकले यो जानकारी दिएको हो ।

राष्ट्रिय समाचार संस्था लुसाका अनुसार पोर्चुगिज सार्वजनिक स्वास्थ्य समाजका अध्यक्ष तथा पूर्वस्वास्थ्य महानिर्देशक फ्रान्सिस्को जोर्जले यस उपलब्धिलाई 'अत्यन्त सकारात्मक' भन्दै खोप अभियानलाई निरन्तरता दिनु 'आधारभूत आवश्यकता' भएको बताए ।

उनका अनुसार, औषधि तथा स्वास्थ्य उत्पादनसम्बन्धी पोर्चुगलको राष्ट्रिय निकायले सेप्टेम्बर २०२३ मा प्रस्तुत गरेको तथ्यांकअनुसार खोपका कारण पहिलो दुई वर्षमै करिब १२ हजार जनाको ज्यान जोगिएको छ । जोर्जले खोपको निरन्तर प्रयोग हुनु स्वाभाविक रहेको उल्लेख गर्दै, खोपहरू भाइरसका बदलिँदो स्वरूपअनुसार अनुकूलन हुँदै आएको बताए ।

यसैबीच, पोर्चुगलले यस साता मौसमी रुघाखोकी र कोभिड-१९ विरुद्धको संयुक्त खोप अभियान सुरु गरेको छ । यस अभियानअन्तर्गत २५ लाख जनालाई मौसमी रुघाखोकी र १५ लाख जनालाई कोभिड-१९ विरुद्ध खोप लगाउने लक्ष्य राखिएको छ । *रासस⁄सिन्ह्वा*

# चीनद्वारा 'फेंग्युन-४-०३' उपग्रह सफलतापूर्वक प्रक्षेपण

**शिचांग–** चीनले शनिबार देशको दक्षिणपश्चिमी सिचुआन प्रान्तस्थित शिचांग उपग्रह प्रक्षेपण केन्द्रबाट नयाँ उपग्रह अन्तरिक्षमा प्रक्षेपण गरेको छ । 'फेंग्युन-४-०३' नामक उपग्रहलाई' लङ मार्च-३ बी' रकेटमार्फत बिहान १२ बजेर सात मिनेटमा (बेइजिङ समयअनुसार) प्रक्षेपण गरिएको हो । प्रक्षेपणपछि उक्त उपग्रह निर्धारित कक्षामा सफलतापूर्वक प्रवेश गरेको जनाइएको छ ।

'फेंग्युन-४-०३' चीनले विकास गरेको मौसम अवलोकन उपग्रह हो, जसले मौसम पूर्वानुमान, जलवायु अनुगमन, प्राकृतिक प्रकोपको प्रारम्भिक चेतावनी तथा वातावरणीय अवलोकनजस्ता कार्यमा सहयोग पुऱ्याउँछ । यस उपग्रहमा उन्नत उपकरणहरू जडान गरिएका छन्, जसले बादल, वर्षा, आँधी, तापक्रम तथा वायुमण्डलीय गतिविधिको सूक्ष्म र निरन्तर निगरानी गर्न सक्षम बनाउँछ । यसबाट प्राप्त तथ्यांकले जनजीवन सुरक्षा, कृषि, उड्डयन, जलस्रोत व्यवस्थापन तथा आपत्कालीन व्यवस्थापनमा महत्त्वपूर्ण योगदान दिने अपेक्षा गरिएको छ । *रासस⁄सिन्ह्वा*


**Fewa HR Solutions Pvt. Ltd.**
KMC-32, Tinkune, Kathmandu, Office: +977-1-4117992, 4117997
E-mail: fewahrsolutions@gmail.com, website: www.fewahrsolutions.com
श्रम इजाजत नं. १४८५/०७४/०७५

**मलेसियामा रोजगार** कम्पनी : RAM GUARD SERVICES SDN BHD — सेवा शुल्क: निःशुल्क
पूर्व स्वीकृति मिति : २०८२/०९/१३ — LT. No. 336115 — चलानी नं. ६०२४९६७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 45 | 0 | 1700 | ६०,३७१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ पुस २१ गते (5th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | कामदार आफैं |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**साउदीमा रोजगार** कम्पनी : ERUQ AL ARDH HOLDING COMPANY.
पूर्व स्वीकृति मिति : २०८२/०९/१३ — LT. No. 336144 — चलानी नं. ६०२४९७२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Driver | 2 | 0 | 1800 | ६८,९९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : KADA LAUNDRIES FOR WASHING CLOTHES.
पूर्व स्वीकृति मिति : २०८२/०९/१३ — LT. No. 336143 — चलानी नं. ६०२४९७२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Laundry Staff | 3 | 0 | 1000 | ३८,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ पुस २१ गते (5th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**HALESI OVERSEAS PVT LTD**
Gaushala-9, Ratopul, Kathmandu, Nepal, Tel: 4489975, Mob: 9851057208, E-mail : halesioverseas074@gmail.com
Govt. License No. 1161/073/74

**साउदीमा रोजगार** कम्पनी : PASTA TASTE COMPANY TO SERVE MEALS
पूर्व स्वीकृति मिति : २०८२/०९/१३ — LT. No. 336147 — चलानी नं. ६०२४९७२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 1 | 0 | 1000 | ३८,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : RESTAURANT AN-NAZZAM AL-GHADHAI FOR MEALS
पूर्व स्वीकृति मिति : २०८२/०९/१३ — LT. No. 336148 — चलानी नं. ६०२४९७२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Shelf Fillers | 5 | 0 | 1200 | ४६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ पुस २१ गते (5th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Pigeon International Overseas Pvt. Ltd**
Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277,
E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np
श्रम इजाजत नं. ३८४/०५९/०६०

**साउदीमा रोजगार** कम्पनी : FUTURE MOTIVES GENERAL CONTRACTING ESTABLISHMENT
पूर्व स्वीकृति मिति : २०८२/०९/११ — LT. No. 336026 — चलानी नं. ६०२४९६३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 1 | 0 | 1000 | ३८,३३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ पुस २१ गते (rth Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धी व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.**
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com
श्रम इजाजत नं. ५७४/०६२/०६३

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारिका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्ज्योति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २७०६०० | प्रति तोला – ० | प्रति तोला – ४८३५ |



**स्याउको सुकुटी** | मुस्ताङको घरपझोङ गाउँपालिका-२ स्थित मार्फा गाउँका स्थानीय व्यवसायी धनप्रकाश हिराचनको उद्योगमा सुकाइएको स्याउको सुकुटी । *तस्बिरः रासस*

## 'एभरेस्ट समिटियर्स समिट'को दोस्रो सम्मेलन मे २७ मा

**काठमाडौं (प्रस)–** विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहण गरेका स्वदेशी तथा विदेशी आरोहीको दोस्रो सम्मेलन 'एभरेस्ट समिटियर्स समिट-२०२६' आगामी मे २७ मा हुने भएको छ । हिमाल संरक्षण र नेपालको पर्यटन प्रवर्द्धनको क्षेत्रमा लामो समयदेखि क्रियाशील एभरेस्ट एलायन्स नेपालले आइतबार पत्रकार सम्मेलन गरी सम्मेलन मे २७ मा गर्न लागेको जानकारी दिएको हो ।

पत्रकार सम्मेलनमा एलायन्सका अध्यक्ष सुदर्शन नेपालले अन्तर्राष्ट्रिय सगरमाथा दिवसको अवसर पारेर स्वदेशी तथा विदेशी सगरमाथा आरोहीलाई दोस्रोपटक एउटै मञ्चमा ल्याउन समिट आयोजना गर्न लागिएको जानकारी दिए । 'नेपालको पर्यटन क्षेत्रलाई अन्तर ाष्ट्रियस्तरमा प्रचार गर्न र हिमाल संरक्षण गर्नका लागि गत वर्षदेखि उक्त सम्मेलन सुरु गरेका हौं । आगामी वर्ष पनि त्यसलाई निरन्तरता दिने निर्णय भएको छ । जसअनुसार समिटमा भाग लिन इच्छुक स्वदेशी तथा विदेशी आरोहीका लागि दर्ता खुला गरेका छौं,' उनले भने ।



सोही संस्थाका प्रमुख सल्लाहकार एवं नेपाल एसोसिएसन अफ टुर्स एण्ड ट्राभल्स एजेन्ट्स (नाट्टा) का पूर्वअध्यक्ष अच्युत गुरागाईंले नेपालमा रहेका सेता हिमालको संरक्षण गरी भावी पुस्तालाई हस्तान्तरण गर्ने सन्देश प्रवाह गर्ने लक्ष्यका साथ सम्मेलन आयोजना गरिएको जानकारी दिए । हिमालयको दिगो भविष्यका लागि उक्त समिट महत्त्वपूर्ण कोसेढुंगा बन्ने उनको भनाइ थियो ।

संस्थाकी रणनीतिक प्रमुख श्रद्धा क्षेत्रीले सरकार र विभिन्न पर्यटन संघसंस्थाको सहकार्यमा दोस्रोपटक 'एभरेस्ट समिटियर्स समिट-२०२६' आयोजना गर्न लागिएको जानकारी दिइन् । एकदिने अन्तर्राष्ट्रिय सम्मेलनमा हिमनदी पग्लिने समस्या, हिमालको फोहोर व्यवस्थापन, आरोहीको समृद्धिलगायत विषयमा छलफल हुने कार्यक्रम रहेको छ ।

## दिगो प्याकेजिङका लागि युवा उद्यमीलाई आइडिया आह्वान

**काठमाडौं (प्रस)–** युरोपियन युनियन (इयू) ले दिगो प्याकेजिङ प्रवर्द्धन गर्ने उद्देश्यले युवा उद्यमीलाई लक्षित गर्दै सात लाख रूपैयाँबराबरको अनुदानका लागि नवीन नवप्रवर्तन आइडिया (सोच) पेस गर्न आह्वान गरेको छ । इयूको सहयोगमा क्रिएसन नेपालद्वारा सञ्चालित ग्रिनसिफ्ट नेपाल परियोजनाअन्तर्गत प्लास्टिक झोलाको विकल्पमा प्रयोग गर्न सकिने वातावरणमैत्री र दिगो प्याकेजिङसम्बन्धी नवीन आइडिया प्रस्तुत गर्ने युवा उद्यमीलाई उक्त अनुदान प्रदान गरिने बताइएको छ ।

अनुदानका लागि बागमती, लुम्बिनी र मधेस प्रदेशका युवाले आफ्नो आइडियासहितको प्रस्ताव आगामी माघ १ गतेभित्र पेस गर्नुपर्ने छ । प्राप्त प्रस्तावमध्ये विज्ञहरू सम्मिलित छनोट समितिले मूल्यांकन गरी एक जनालाई विजेता घोषणा गर्ने प्रस्तावमा उल्लेख छ । क्रिएसन नेपालकी कार्यक्रम निर्देशक सुजाता कोइरालाका अनुसार विजेता टिमलाई अनुदानसँगै प्राविधिक सहयोग, उत्पादनपछि बजार खोजी तथा दीर्घकालीनरूपमा व्यवसाय टिकाइराख्न आवश्यक अन्य लगानी स्रोत पहिचानमा सहयोग गरिने छ ।

### पोखरा सडक महोत्सव

## 'पोखराको पर्यटन विकासका लागि सडक र हवाई कनेक्टिभिटी महत्त्वपूर्ण'



■ **प्रभाव संवाददाता**

**कास्की–** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री कुलमान घिसिङले पर्यटकीय राजधानी पोखराको पर्यटन विकासका लागि अन्य देशसँगको सडक र हवाई कनेक्टिभिटी महत्त्वपूर्ण रहेको बताएका छन् ।

रेस्टुरेण्ट एण्ड बार एसोसिएसन नेपाल (रेवान) पोखराको आयोजनामा फेवाताल किनारमा आइतबारदेखि सुरु भएको २७औं संस्करणको पोखरा सडक महोत्सवको उद्घाटन गर्दै मन्त्री घिसिङले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान गर्न सरकारले प्राथमिकता दिएको बताए ।

'पोखराको विकासका लागि चीनको कोरला नाकासम्मको सडक सञ्जाल र पोखरा विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान हुनु आवश्यक छ । एयर कनेक्टिभिटीलाई सरकारले प्राथमिकता दिएको छ । यो जियोपोलिटिक्स कुरासमेत हो । अब आउने सरकारले यस विषयलाई प्राथमिकतामा राखेर समाधान गर्नुपर्छ । पर्यटकीय सहरमा एयरपोर्ट सञ्चालन गर्दा यहाँको पर्यटनलाई ठूलो मद्दत पुग्छ,' मन्त्री घिसिङले भने ।

पोखरादेखि मुस्ताङस्थित चीनको कोरला नाकासम्म सडक सुधार र कालोपत्र गर्ने काम भइरहेकाले आगामी दिनमा यहाँको पर्यटन विकास तथा चीनसँगको व्यापारमा योगदान पुग्ने उनले बताए । मुस्ताङबाट कोरलासम्म ५० किलोमिटर सडक कालोपत्र गर्न अर्थ मन्त्रालयसँगको सहमतिमा टेण्डर प्रक्रिया अघि बढाइएको मन्त्री घिसिङले जानकारी दिए ।

मन्त्री घिसिङले पोखराका कुँडहरदेखि लेकसाइडसम्मको सडकको विद्युत्को तार भूमिगत गर्ने काम भइरहेको बताए । उनले पोल र तार हटाएर सुन्दर पोखरा अभियान बनाउन सरकार लागिपरेको उल्लेख गरे । पर्यटनको हब पोखरामा पर्यटकीय पूर्वाधारका लागि धेरै काम गर्नुपर्ने भए पनि संघीय सरकारले अन्नपूर्ण आधार शिविर, मर्दी हिमाल र मनाङका पर्यटकीयस्थलसम्म ग्रिड कनेक्टिभिटीका क्षेत्रमा काम गरेको मन्त्री घिसिङको भनाइ थियो । फेवाताल, रूपाताल र बेगनास तालको संरक्षण तथा सम्वर्द्धनका लागि प्रदेश र स्थानीय सरकारसँग मिलेर काम गर्ने योजना रहेको उनले बताए ।

गण्डकी प्रदेशका पर्यटनमन्त्री मित्रलाल बस्यालले पर्यटन विकासका लागि प्रदेश सरकारले घरवास कार्यक्रम, पर्यटकीय पूर्वाधार निर्माण र गन्तव्यहरूको प्रवर्द्धन गर्न काम गरिरहेको बताए । पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान नियमित बनाउनका लागि पहल गर्न मन्त्री घिसिङसँग आग्रह गरे ।

अंग्रेजी नयाँ वर्ष २०२६ को स्वागतार्थ फेवाताल किनार लेकसाइडको खहरेदेखि अम्बोटसम्मको साढे तीन किलोमिटर क्षेत्रमा यही पुस १७ गतेसम्म महोत्सव सञ्चालन हुने छ । महोत्सवबाट गत भदौ २३ र २४ गतेको जेन-जी आन्दोलनपछिको विषम् परिस्थिति र संकटका बाबजुद दिगो पर्यटनको परिकल्पनालाई सार्थक बनाउँदै अर्थतन्त्रलाई चलायमान बनाउन सहयोग पुग्ने विश्वास लिइएको रेवानका अध्यक्ष विश्वराज पौडेलले बताए ।

हरेक संकटपछि सुस्ताएको पर्यटन व्यवसायलाई पुनरुत्थान गर्न र 'पोखरा सुरक्षित तथा खुला छ' भन्ने सन्देश प्रवाह गर्न महोत्सव फलदायी हुने आयोजकको विश्वास छ । महोत्सवमा मुख्य आकर्षणको रूपमा विभिन्न जातजातिका लोपोन्मुख सांस्कृतिक कार्यक्रम, मौलिक वेषभूषा प्रदर्शन, झाँकी प्रदर्शन प्रतियोगिता, सडकमै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिकारको प्रदर्शनलगायत रहेका महोत्सवका संयोजक वसन्त गौतमले बताए ।

## ४७ अंकले बढ्यो नेप्से परिसूचक

**काठमाडौं (प्रस)–** साताको पहिलो कारोबार दिन सेयरबजारमा उत्साह देखिएको छ । यस दिन नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा उच्च अंकको सुधार देखिएको हो ।

आइतबार नेप्से परिसूचक ४७.५५ अंकले बढेर दुई हजार ६३३.४२ को बिन्दुमा कायम भएको छ । यस दिन विभिन्न ३२८ कम्पनीका एक करोड ३४ लाख ६७ हजार १४५ कित्ता सेयर ८९ हजार २५१ पटक खरिदबिक्री हुँदा पाँच अर्ब ५३ करोड १३ लाख ७० हजार रूपैयाँबराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

आइतबारको कारोबारमा सबै समूहको उपसूचक बढेको छ । विकास बैंक, लघुवित्त र अन्य समूहको उपसूचकमा दुई प्रतिशतभन्दा माथिको वृद्धि देखिएको छ । मिड सोलु हाइड्रोपावर लिमिटेडको सेयर मूल्य आइतबार सबैभन्दा धेरै ९.४९ प्रतिशतले बढेको छ । सबैभन्दा धेरै घट्नेमा भने विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको सेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ । कारोबार रकमका आधारमा यस दिन सबैभन्दा धेरै युनियन हाइड्रोपावर लिमिटेडको २७ करोड ६० लाख ३५ हजार १९३ रूपैयाँबराबरको पाँच लाख ५४ हजार ९२१ कित्ता सेयर किनबेच भएको छ ।

## काँकडभिट्टा नाकाबाट सबैभन्दा बढी अलैँची निर्यात

**झापा–** चालु आर्थिक वर्षको पहिलो पाँच महिनामा काँकडभिट्टा नाकाबाट सबैभन्दा बढी निर्यात हुनेमा अलैँची शीर्ष स्थानमा छ । कार्यालयका सूचना अधिकारी ईश्वरकुमार हुमागाईंका अनुसार उक्त अवधिमा पाँच अर्ब ५३ करोड ३२ लाख ४९ हजार रूपैयाँको अलैँची भारततर्फ निर्यात भएको छ ।

कार्यालयका अनुसार उक्त अवधिमा एक अर्ब ८५ करोड ६२ लाख सात हजार रूपैयाँको चिया र ८३ करोड ७० लाख ८६ हजार रूपैयाँको प्लाइउड निर्यात भएको छ । साथै, ४८ करोड ५२ लाख ७३ हजार रूपैयाँको छुर्पी, ४४ करोड ९९ लाख ११ हजार रूपैयाँको भेनियर सिट, ३७ करोड ४५ लाख ३८ हजार रूपैयाँको अदुवा र सुठो, ३० करोड ४१ लाख ४९ हजार रूपैयाँको अम्रिसो र ११ करोड ३१ लाख ९१ हजार रूपैयाँ मूल्यबराबरको काउली र बन्दागोपी निर्यात भएको छ ।

साथै, नौ करोड १२ लाख ८७ हजार रूपैयाँको मुसुरो र तीन करोड ७८ लाख ८३ हजार रूपैयाँ मूल्यबराबरको फलामे पाता पनि निर्यात भएको भन्सारले जनाएको छ । *रासस*

### कर्पोरेट

## पारामाउन्ट मोटर्सको एक्सचेञ्ज योजना सार्वजनिक




**काठमाडौं (प्रस)–** एमजी र आइएम मोटर्सको आधिकारिक आयातकर्ता तथा वितरक पारामाउन्ट मोटर्स प्रालिले 'इलेक्ट्रिफाइड न्यु इयर २०२६' विशेष एक्सचेञ्ज योजना सार्वजनिक गरेको छ । यस योजनाअन्तर्गत एमजी र आइएमक इलेक्ट्रिक सवारीसाधनहरूको खरिदमा ग्राहकले आकर्षक फाइदा लिन सक्ने छन् । यस सीमित अवधिको एक्सचेञ्ज अफरमा ग्राहकले पुरानो सवारीसाधन साट्दा चार लाख रूपैयाँसम्मको फाइदा पाउन सक्ने कम्पनीले जनाएको छ । साथै, उत्कृष्ट मूल्यांकन, एक्सचेञ्ज बोनस, सहज फाइनान्स सुविधा, निःशुल्क एक्सेसरी तथा तत्काल डेलिभरी जस्ता सुविधा पनि उपलब्ध रहेको बताइएको छ ।

'यो अफर एमजी र आइएमका इलेक्ट्रिक मोडलहरूमा लागू हुने छ र ग्राहकहरूले देशभरका आधिकारिक एमजी शोरूमहरूमा गई यो अफर लिन सक्नुहुने छ,' कम्पनीले जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख छ । नयाँ वर्षको अवसरमा ल्याइएको यस योजनामार्फत एमजीले विद्युतीय सवारीलाई अझ सहज र पहुँचयोग्य बनाउने आफ्नो प्रतिबद्धता दोहोऱ्याएको छ ।

## 'नेपाल पे' नेसनल कार्ड स्किम विदेशमासमेत मान्य हुने

**काठमाडौं (प्रस)** नेपाल क्लियरिङ हाउस लिमिटेडले डिस्कोभर नेटवर्कसँगको सहकार्यमा नेपालको नेसनल कार्ड स्किम 'नेपाल पे कार्ड'को कमर्सियल रोलआउट सुरु गरिएको घोषणा गरेको छ । नेसनल पेमेन्ट स्वीच परियोजनाअन्तर्गत नेसनल कार्ड स्वीचर नेपाल पे कार्ड पूर्णरूपमा सञ्चालनमा ल्याइएको कम्पनीले जनाएको छ । यसबाट बैंक तथा वित्तीय संस्था, भुक्तानी सेवा प्रदायक र भुक्तानी प्रणाली सञ्चालकले जारी गर्ने नेपाल पे कार्डहरू नेपालभरिका एटिएम र पिओएस टर्मिनलमा मात्र नभई विश्वव्यापीरूपमा प्रयोग गर्न सकिने भएको छ ।

यस सहकार्यपश्चात् नेपाल पे कार्डका प्रयोगकर्ताहरूले डिस्कोभर नेटवर्क र डिनर्स क्लब इन्टरनेसनलको विश्वभरि संयुक्तरूपमा रहेका १९० भन्दा बढी देश तथा क्षेत्रहरूमा उक्त कार्डको प्रयोग गर्न सक्ने जनाइएको छ । नेपालका मर्चेन्टहरूले ३० भन्दा बढी नेटवर्क एलायन्सहरू तथा डिनर्स क्लब कार्डहरूमा आबद्ध विश्वभरका ३७८ मिलियनभन्दा बढी कार्डहरूबाट भुक्तानी प्राप्त गर्न सक्नेसमेत कम्पनीद्वारा जारी प्रेस विज्ञप्तिमा उल्लेख छ ।

NEPALPAY नेपालको आफ्नै कार्ड

## सिटिजन्स क्यापिटललाई इक्रा नेपालको 'एएमसी ३ प्लस' रेटिङ

Citizens Capital Ltd.

**काठमाडौं (प्रस)–** नेपालको क्रेडिट रेटिङ संस्था इक्रा नेपाल लिमिटेडले सामूहिक लगानी कोष व्यवस्थापकको रूपमा कार्य गर्दै आइरहेको सिटिजन्स क्यापिटल लिमिटेडलाई 'एएमसी ३ प्लस' रेटिङमा स्तरोन्नती गरेको छ ।

इक्राले यसअघिको 'एएमसी ३' रेटिङलाई पुनरावलोकन गरी 'एएमसी क्वालिटी ३ प्लस' मा स्तरोन्नति गरेको हो । यसबाट सिटिजन्स क्यापिटलको स्तर बृद्धि पुष्टि गरेको कम्पनीको दाबी छ ।

'इक्रा नेपालले सिटिजन्स क्यापिटल लिमिटेडको सुदृढ व्यवस्थापन संरचना, प्रभावकारी जोखिम व्यवस्थापन, सन्तुलित आन्तरिक नियन्त्रण व्यवस्था तथा लगानी व्यवस्थापन क्षमतामा आएको निरन्तर सुधारलाई आधार मानी उक्त रेटिङ प्रदान गरेको हो,' कम्पनीद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'उक्त रेटिङले कम्पनीको सञ्चालन स्थायित्व, सुशासन अभ्यास, अल्पकालीन तथा दीर्घकालीन लगानी रणनीति, सामूहिक लगानी कोषका योजनाहरूले प्रदान गरेको प्रतिफल र दीर्घकालीन व्यावसायिक सम्भावनालाई सकारात्मकरूपमा प्रतिविम्बित गर्दछ ।'

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ